# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १२१ | काठमाडौं | मंगलबार, ७ भदौ २०७९ | Prabhab National Daily, | Tuesday, Aug 23, 2022 | URL : www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


गृहमन्त्री खाणले भने

## नेकपासँगको सम्झौता कार्यान्वयन हुन्छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले नेत्रविक्रम चन्द नेतृत्वको नेकपासँग भएको सम्झौता कार्यान्वयनमा प्रतिबद्ध रहेको जनाएको छ । सोमबार गृह मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा गृहमन्त्री बालकृष्ण खाणले उक्त जानकारी दिएका हुन् ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला) र महान्यायाधिवक्ता खम्मबहादुर खातीसहितको पत्रकार सम्मेलनमा उनले यसअघिको सरकारले नेकपासँग गरेको तीन बुँदे सम्झौता कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए । २०७७ साल फागुन २० गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकाले चन्दको नेकपासँ तीनबुँदे सम्झौता गरेको थियो । उक्त सम्झौता कार्यान्वयनमा गइसकेको र केही प्रक्रियामा रहेको गृहमन्त्री खाणले जानकारी दिए ।

उनले नेपाल सरकारले विगतदेखि नै राजनीतिक समस्यालाई वार्ता र संवादको माध्यमबाट समाधान गर्दै आएको उल्लेख गर्दै नेकपासँगको सहमति कार्यान्वयन गर्न सरकार मातहतका निकायले काम गरिरहेको बताए । गिरफ्तार नेता कार्यकर्ता तथा विभिन्न मुद्दा लगाइएकाको सम्बन्धमा संविधान र कानुनअनुसार रिहा गर्ने फिर्ता लिने प्रक्रिया अघि बढेको मन्त्री खाणको भनाइ छ ।

वर्तमान सरकार बनेदेखि नै चन्द नेतृत्वको नेकपासँग भएको सम्झौता कार्यान्वयनका लागि शीर्ष तहमा वार्ता र छलफल भइरहेको बताउँदै गृहमन्त्री खाणले सहमति कार्यान्वयनका लागि गृह मन्त्रालय, कानुन मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालय एवं मातहतका कार्यालय निरन्तर प्रयत्नशील रहेको बताए ।

कार्यक्रममा कानुनमन्त्री कोइरालाले सरकारले नेकपासँगको सम्झौता कार्यान्वयन गर्न प्रतिबन्ध हटाउनाका साथै नेता कार्यकर्ता रिहाइका लागि प्रक्रिया अघि बढाएको बताए । उनले सरकारले यसअघि गरेको तीनबुँदे सहमति कार्यान्वयनमा प्रतिबद्ध रहेको बताए । मन्त्री कोइरालाले नेकपाका नेताहरूविरुद्ध देशभर विभिन्न ६० जिल्लामा ६१० मुद्दा दर्ता भएकामा ५२३ मुद्दा फर्स्योट भएको र ८७ फर्स्योटका क्रममा रहेको बताए ।

महान्यायाधिवक्ता खातीले सरकार र नेकपाबीचको सहमति कार्यान्वयन भइरहेको बताउँदै संविधान र कानुनबमोजिम मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढेको जानकारी दिए । नेताहरूविरुद्धका मुद्दाका सन्दर्भमा पुनरावेदन नलाग्ने गरी निर्णय भएकोसमेत उनले जानकारी गराए ।

महान्यायाधिवक्ता खातीले 'नेगेटिभ लिस्टका' ३२२ मुद्दा भने फिर्ता नहुने बताए । ' फौजदारीसंहिताको दफा १५९ को नेगेटिभ लिस्टमा भएका मुद्दा फिर्ता हुँदैनन् । विप्लव समूहका नेतामाथि लागेका ३२२ वटा मुद्दा फिर्ता लिन नमिल्ने प्रकृतिका छन्,' उनले भने ।

निर्वाचन आयोगको प्रस्तावित आचारसंहिता

# चुनाव प्रचारका लागि १५ दिन ऱ्यालीमा २५ जना मात्र

- प्रधानमन्त्री र मन्त्रीलाई प्रचारमा रोक
- दुई जनाले मात्र हेलिकप्टर प्रयोग गर्न पाउने
- विदेशी नम्बरका सवारी निषेध
- सम्पत्ति र व्यक्तिगत विवरण बुझाउनुपर्ने
- खर्च विवरण नबुझाउनेलाई 'नो इन्ट्री'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि निर्वाचन आयोगले आचारसंहिता बनाइरहेको छ । आयोगले आचारसंहिताको पहिलो खाकासमेत तयार पारिसकेको छ । जसलाई अन्तिम रूप दिन बाँकी छ । आयोगले प्रस्तावित आचारसंहिताबारे सोमबार प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गऱ्यो । र, आचारसंहितामा प्रस्ताव गरिएका प्रावधानबारे 'बिफ्रिङ' गऱ्यो ।

आयोगले प्रस्ताव गरेको आचारसंहितामा मौन अवधिको १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार गर्न दिने प्रस्ताव गरेको छ । अर्थात्, निर्वाचन प्रचारका लागि १५ दिनको मात्र समय दिने भनिएको छ । यस्तै, चुनाव प्रचारप्रसारमा देखिएको भड्किलो शैलीलाई नियन्त्रण गर्ने प्रस्ताव अनुरूप एक पटकमा २५ जनासम्मको ऱ्याली गर्न पाउने भनिएको छ ।

चुनावमा मतदातालाई अनेकौं प्रलोभनमा पार्न सक्ने, आयोगले तोकेकोभन्दा बढी खर्च गर्ने भएकाले प्रचारप्रसारका लागि २५ जनाको मात्रै ऱ्याली निकाल्न मिल्ने आचारसंहितामा प्रस्ताव गरिएको छ । आयोगको प्रस्तावमा निर्वाचन प्रचारप्रसारका लागि उम्मेदवारलाई बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न दिने प्रस्ताव छ । स्वतन्त्र उम्मेदवारहरूले प्रायः प्रयोग गरिरहेको राष्ट्रिय झण्डा अब बढीमा १० वटासम्म प्रयोग गर्न पाउने गरी आचारसंहिता ल्याउन लागिएको हो ।

**प्रधानमन्त्री र मन्त्रीलाई प्रचारमा रोक**

आयोगले प्रधानमन्त्री तथा मन्त्री र स्थानीय तहका जनप्रतिनिधिहरू चुनाव प्रचारमा खट्न नपाउने व्यवस्था गर्ने प्रस्ताव गरेको छ । प्रधानमन्त्री, बहालवाला मन्त्री र स्थानीय तहका जनप्रतिनिधि चुनावी प्रचारमा खटिँदा त्यसले ' प्रभाव' पार्ने भन्दै आयोगले यस्तो व्यवस्था प्रस्ताव गरेको हो । प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्रीहरूले आफ्नो उम्मेदवारी रहेकोबाहेक अरू निर्वाचन क्षेत्रमा गएर चुनाव प्रचार गर्न नपाउने प्रस्तावित आचारसंहितामा उल्लेख छ ।

दलहरूसँगको छलफलपछि अन्तिम रूप दिइने आचारसंहिताको उक्त व्यवस्थाप्रति भने दलका नेताहरूले आपत्ति जनाएका छन् । सत्तारुढ गठबन्धनका दलहरूले प्रधानमन्त्री, मन्त्रीहरूले चुनावी प्रचार गर्न नपाउने भन्ने व्यवस्था उपयुक्त नभएको बताए । नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले प्रधानमन्त्री तथा मन्त्रीहरूलाई चुनावी प्रचारमा रोक लगाउने व्यवस्था आचारसंहितामा राख्न नमिल्ने बताए । पार्टीले खटाएको क्षेत्रमा निर्वाचन प्रसारप्रसारका लागि जानुपर्ने भएकाले त्यसरी रोक्दा प्रधानमन्त्री र मन्त्रीहरू कतै पनि जान नपाउने उनको भनाइ छ ।

प्रभावशाली व्यक्तिहरूलाई दलले जनतामा प्रस्तुत गर्न पाउनु नै लोकतन्त्र भएकाले यसमा रोक लगाउन नहुने परियारको तर्क छ । सत्तारुढ गठबन्धनका दलहरू नेकपा माओवादी केन्द्र र (**बाँकी पृष्ठ ३ मा**)

## एमालेले दियो 'थपघट' सुझाव

**काठमाडौं (प्रस)–** आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आयोगले प्रस्ताव गरेको आचारसंहितामा नेकपा एमालेले ३७ वटा विषयमा संशोधन तथा 'थपघट' गर्नुपर्ने सुझाव दिएको छ । एमालेका महासचिव शंकर पोखरेलले आचारसंहिताको मस्यौदामा उल्लेख गरिएका केही विषयलाई हटाउन तथा केहीमा संशोधन गर्नुपर्ने भन्दै ३७ बुँदामा सुझाव उल्लेख गरेर निर्वाचन आयोगलाई पत्र लेखेका छन् ।

पोखरेलले लेखेको पत्रमा निर्वाचन आचारसंहिताको मस्यौदाको दफा २ को खण्ड (प)मा रहेको मौन अवधिलाई २४ घण्टामा झार्नुपर्ने सुझाव दिइएको छ । आयोगले मौन अवधि ४८ घण्टाको हुने प्रस्ताव गरेको छ । यसअघि पनि सोही अभ्यास थियो ।

यस्तै, निर्वाचन आचारसंहिता लागू हुने अवधि निर्वाचन घोषणादेखि मतदान सम्पन्न नभएसम्म गर्नुपर्ने पनि एमालेले सुझाव दिएको छ । निजी क्षेत्रमा कार्यरत पदाधिकारी तथा कर्मचारीलाई छुट्टै आचारसंहिता लागू नगराई आममतदातालाई लागू हुने आचारसंहिता लागू गर्नुपर्ने उसको सुझाव छ ।

एमालेले निर्वाचन आचारसंहिताले निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शिता, तटस्थताजस्ता पक्षमा ध्यान दिई निर्वाचन आचारसंहितालाई लागू गर्न सकिने बनाउनुपर्ने, उम्मेदवारको मनोनयनपत्र पेस गर्न जाँदा वा प्रचारप्रसारका लागि २५ जनाभन्दा बढीको जुलुस लान नपाइनेलगायतको व्यवस्था हटाउनुपर्ने भनेको छ ।

यसैगरी, गलत मनसायले नियतवश बालबालिकाको निर्वाचनमा प्रयोगलाई निषेध गर्नुपर्ने, जुलुस, आमसभा, कोणसभा, (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## शून्य लागतमा नर्स पठाउन बेलायतसँग श्रम समझदारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र बेलायत सरकारबीच रोजगारीका लागि नेपाली स्वास्थ्यकर्मी लैजाने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित कार्यक्रममा दुई देशबीच बेलायतको स्वास्थ्य क्षेत्रमा नेपाली स्वास्थ्यकर्मी (नर्स)लाई रोजगारी दिनेसम्बन्धी श्रम समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

श्रममन्त्री शेरबहादुर कुँवरको उपस्थितिमा श्रमसचिव एकनारायण अर्याल र नेपालका लागि बेलायतका राजदूत निकोला पोलिटले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । लामो समयदेखि प्रतीक्षाको विषय बनेको श्रम समझदारीपश्चात नेपाली स्वास्थ्यकर्मीहरूलाई विधिसम्मत तवरले बेलायतको स्वास्थ्य क्षेत्रको रोजगारीमा सहज संलग्न हुने वातावरण तयार हुने एवं नेपाली स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमासमेत मद्दत पुग्ने विश्वास लिइएको छ । समझदारीअनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली स्वास्थ्यकर्मीको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने व्यवस्था मिलाइएको छ । बेलायत पठाउने नेपाली स्वास्थ्यकर्मी छनोट वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेण्ट अफ हेल्थ एण्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा हुनेछ । रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीले शून्य लागतमा बेलायत जाने अवसर प्राप्त गर्ने छन् । समझदारीमा नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क नलाग्ने एवं रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीको लागतको शोधभर्नासमेत हुने उल्लेख छ ।

नेपाली स्वास्थ्यकर्मीको छनोट, पदस्थापना र सेवा सुविधासम्बन्धी मापदण्डको विषयमा थप छलफल भइरहेको मन्त्रालका उपसचिव एवं सहायक प्रवक्ता थानेश्वर भुसालले बताए । उनका अनुसार स्वास्थ्यकर्मीको सेवा, सर्त र सुविधा कार्यान्वयन ढाँचा (इम्प्लिमेन्टेसन प्रोटोकल) बमोजिम हुनेछ ।

श्रमसचिव अर्यालले नेपालमा केही नर्स बेरोजगार रहेको र केही अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य रहेको अवस्थामा दुई देशबीच भएको ऐतिहासिक समझदारीले स्वास्थ्यकर्मी बेरोजगार बन्नुपर्ने अवस्थाको अन्त्य गरेको बताए । स्वास्थ्य मन्त्रालय, मेडिकल काउन्सिललगायत निकायसँग छलफल गरेर मात्रै बेलायत रोजगारीमा पठाइने जनशक्तिको संख्या टुंगो लगाइने उनले बताए ।



**यी हुन् सम्झौताका ८ बुँदा**

१. स्वास्थ्यकर्मीको छनोट र पदस्थापना नेपालको वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा सरकारी (गभर्मेन्ट टु गभर्मेन्ट) प्रक्रिया बमोजिम हुने ।
२. नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य सेवा (एनएचएस) मा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले रोजगारीमा संलग्न हुने व्यवस्था मिलाइने ।
३. विश्व स्वास्थ्य संगठनको हेल्थ वर्कर सपोर्ट एण्ड सेफगार्ड लिस्ट २००० मा नेपाल समावेश रहेको अवस्थालाई मध्यनजर गरी स्वास्थ्यकर्मीको संख्या र प्रकारका सम्बन्धमा दुवै सरकारले संयुक्त निर्णय गर्ने ।
४. नेपालको स्वास्थ्य क्षेत्रको विकास र सुदृढीकरणमा बेलायत सरकारको योगदान रहँदै आएकोमा आगामी दिनमासमेत स्वास्थ्य क्षेत्रको निरन्तर सुदृढीकरण र आधुनिकीकरणमा सहयोग जारी हुने ।
५. परीक्षणको रूपमा प्रथम चरणमा नेपाली नर्सहरूलाई बेलायतमा पदस्थापना गर्ने कार्यलाई इम्प्लिमेन्टेसन प्रोटोकल स्पष्ट व्यवस्था गरिने ।
६. नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क नलाग्ने एवं रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीको लागतको शोधभर्ना हुने ।
७. परीक्षण चरणको अन्त्यमा समग्र स्वास्थ्यकर्मी नियुक्ति प्रक्रियाको मूल्यांकन गरिने र थप नियुक्ति तथा विस्तारका सम्बन्धमा आवश्यक निर्णय लिइने ।
८. समझदारीपत्र, नियुक्ति प्रक्रिया र अन्य जानकारी मन्त्रालयको वेबसाइटमा उपलब्ध हुने ।



# पशुपति संग्रहालय सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पशुपतिनाथ मन्दिर परिसरमा स्थापित पशुपति संग्रहालय सञ्चालनमा आएको छ । पशुपति क्षेत्रका महत्त्वपूर्ण सामग्रीहरूको संग्रह गरी पशुपतिनाथ मन्दिरअघिको महास्नान घरमा स्थापना गरिएको उक्त संग्रहालय सोमबार शुभारम्भ गरिएको हो ।

संग्रहालयको उद्घाटन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपालको इतिहास, संस्कृति र सम्पदालाई विश्वमा चिनाउन यसले सहयोग गर्ने बताए । नेपालमा पर्यटन प्रवर्द्धनका लागि संस्कृति र सम्पदाको संरक्षण गरिनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिए ।

'मूर्त, अमूर्त सम्पदा संरक्षणलाई सरकारले प्राथमिकतामा राखेको छ, सम्पदाका माध्यमबाट पर्यटनको विकासलाई सहयोग गर्छ, यसले अर्थतन्त्रलाई टेवा दिन्छ, पशुपतिनाथ मन्दिर आउने धर्मावलम्बी र पर्यटकका लागि संग्रहालय आकर्षक केन्द्र बन्नेछ,' उनले भने ।

पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापाले नेपाल इन्भेस्टमेन्ट बैंकको पाँच करोड रूपैयाँ सहयोगमा संग्रहालय निर्माण भएको जानकारी दिए । वि.सं. २०७२ वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त महास्नान घरलाई बैंकले प्रबलीकरण गरी संग्रहालय निर्माण गरेको हो । 'भूकम्पले भत्किएका पशुपति क्षेत्रका ९६ मध्ये ६३ वटाको पुनर्निर्माण सम्पन्न भएको छ, पशुपति क्षेत्रमा ८१८ सम्पदा छन्, यसको संरक्षणका लागि कोषले काम गरिरहेको छ,' उनले भने ।

संग्रहालयमा २६५ सामग्री राखिएको जानकारी पनि सदस्यसचिव थापाले दिए । वि.सं. २०८० मा भ्रमण वर्षका रूपमा पशुपति दर्शन कार्यक्रमको आयोजना गर्न लागिएको जानकारी पनि उनले दिए । मन्त्रालयका निमित्त सचिव बुद्धिसागर लामिछानेले संग्रहालय निरन्तर सञ्चालनका लागि सरोकार भएका निकायकाबीच सहकार्य हुनुपर्नेमा जोड दिए । बैंकका अध्यक्ष पृथ्वीबहादुर पाण्डेले संग्रहालय निर्माणसँगै विगत पाँच वर्ष अघिदेखि पशुपति क्षेत्रको सरसफाइमा पनि बैंकले सहयोग गरिरहेको जानकारी दिए ।

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्धबारे सम्मेलन हुने

**काठमाडौं–** नीति अनुसन्धान प्रतिष्ठानले यही भदौ १० देखि १२ गतेसम्म नेपालको अन्तर्राष्ट्रिय सम्बन्धबारे अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ ।

तीन दिनसम्म हुने 'अन्तर्राष्ट्रिय सम्बन्ध : नेपाल र विश्व व्यवस्था' विषयक सम्मेलनमा अन्तर्राष्ट्रिय सम्बन्धमा स्थापित शैक्षिक संस्था तथा विश्वविद्यालयबाट विद्यावारिधि गरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा महत्त्वपूर्ण भूमिकामा रहेका नेपाल र भारतका ४० वर्षभन्दा कम उमेरका १०० जना विज्ञ युवाको सहभागिता रहनेछ ।

सम्मेलनमा विज्ञले आफ्ना कार्यपत्र प्रस्तुत गर्ने प्रतिष्ठानका निर्देशक डा.दीपककुमार अधिकारीले सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा नवीनतम् विचार युवापुस्ताको मस्तिष्कबाट आओस् भन्ने सम्मेलनको मुख्य उद्देश्य रहेको उनले बताए । नयाँ पुस्ताले यस विषयमा प्रस्तुत गर्ने विचार नै भविष्यमा अन्तर्राष्ट्रिय सम्बन्धका लागि पथप्रदर्शन बन्ने आयोजकको विश्वास छ ।

निर्देशक अधिकारीले नेपालले भविष्यमा कस्ता नीतिका आधारमा विश्वलाई हेर्ने भन्ने विषयमा यस कार्यक्रमले गहन विषयवस्तुको प्रकाशन गर्ने उल्लेख गरे । सम्मेलनमा वातावरण, संस्कृति, विश्व राजनीति, सुरक्षा, शान्ति, स्थिरता, व्यापार, प्रविधिलगायतका विषयमा बेग्लाबेग्लै सत्रमा छलफल हुनेछ । नयाँ विश्व व्यवस्थामा नेपालको विदेश नीतिबारे कार्यक्रमले दिशानिर्देश गर्ने कार्यक्रमका संयोजक डा. विनयकुमार मिश्रले जानकारी दिए ।

सम्मेलनबाट आएका अनुभवले भविष्यका लागि युवाले आफ्नो मार्गचित्र बनाउँदा सहयोग पुग्नेछ भन्नेमा आफूहरू विश्वस्त रहेको उनले बताए । आजको युवा मस्तिष्कले के सोचेको छ र भविष्यमा त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्नेबारेमा यस कार्यक्रमबाट समाजलाई थाहा दिइने आयोजकको भनाइ छ । *रासस*

## एमालेले ...

पृष्ठ १ बाट जारी

बैठक, भेलाको जानकारी स्थानीय प्रशासनलाई गराउनुपर्ने व्यवस्था गर्नुपर्ने, अनुमति भन्ने हटाउनुपर्ने, आचारसंहितामा मुख्य प्रचारकको संख्या तोक्न नहुने तर मुख्य प्रचारक को-को हुने भन्ने जानकारी निर्वाचन आयोगलाई हुनुपर्ने व्यवस्था गर्ने, सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कुनै राजनीतिक दल वा उम्मेदवारको बढी र कुनै राजनीतिक दल वा उम्मेदवारको कम स्थान दिई कार्यक्रम, समाचार, विचार प्रवाह नगरी समानुपातिक र सन्तुलित गर्नुपर्ने, जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकमा मुख्य निर्वाचन अधिकृत राख्नुपर्ने, डिजिटल, अनलाइन, छापा, श्रव्यदृश्य सञ्चारमाध्यमको सूक्ष्म अनुगमन गर्न विशेष एकाइ गठन गर्नुपर्ने एमालेको सुझाव छ ।

अनुसूची-३ को दफा ८ को मत सदर, बदर भए उपरको पुनरावेदकीय अधिकारबाट बञ्चित हुने प्रावधान हटाउनुपर्ने, र निर्वाचन आचारसंहिता पालना नगर्नेविरुद्ध दिइने उजुरीको ढाँचालाई अनिवार्य नगर्नेलगायतका विषय एमालेको सुझावमा समेटिएका छन् ।

## पेन्सनपट्टा हराएको सूचना

मिति २०७९।०५।०४ गते सल्लेरीबाट फाप्लुसम्म जाँदा मेरो निम्न व्यहोराको पेन्सनपट्टा हराएकाले फेला पार्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालय (सुरक्षा गुल्म सल्लेरी)नं: ०३८-५२०४२५ मा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : तेज बहादुर बस्नेत
ठेगाना : थुलुङ गा.पा.२,काँगेल निवासी
TS No: 518637
MO. NO: 9860321281

## कागजात हराएको सूचना

यही मित २०७९-०४-२५ गते बुधबारका दिन काठमाडौंबाट फ्रान्सका लागि कुरियरमार्फत पठाउने क्रममा मेरो सक्कली जन्म दर्तासहितको महत्वपूर्ण कागजातहरू हराएको हुँदा फेला पार्ने महानुभावले नजिकैको प्रहरी कार्यालय वा मेरो फोन नं. ९८४४३८७२८३ मा खबर गरिदिनुहुन सादर अनुरोध छ ।

नाम : पसी शेर्पा
जन्म मिति : २०५६-०७-०२
नागरिकता नम्बर : ११-०१-७५-००८८०
बुबाको नाम : छिरिङ शेर्पा
आमाको नाम: मेन्द लाहामु शेर्पा
ठेगाना: महाकुलुङ गाउँपालिका, वडा नं ५ (साविक गुदेल गाविस ५) निम्चोला, सोलुखुम्बु ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWAD JARALLAH AL QAHTANI EST

पुर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 269528 चलानी नं. ६०१८५८४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 3 | 0 | 2200 | ७४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. २६४/०५८/०५९

SUPERB SOLUTIONS Pvt.Ltd.

P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243, Fax: +977-1-4498210
Mobile No. 9851324654, 9812355544, 9851077524



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BYD ELECTRONICS (M) SDN BHD

पुर्व स्वीकृति मिति : २०७९/०५/०६ LT. No. 270003 चलानी नं. :६०१८५९२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 31 | 12 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय ललितपुरमा, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

S.And S.Human Resource Pvt. Ltd.

Chapagaun Dobato-15, Lalitpur, Nepal Tel : +977-1-5151287,
Fax : +977-1-15151287, E-mail : sands1238@gmail.com



## रोजगारको अवसर

1. SAUDI ICON COMPANY, RIYADH, SAUDI ARABIA पूर्व स्विकृति मिति: २०७८।८।१६ चलानी नं. ६०१६९३९७ LT No. 252272 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

2. BOJAMHOOR TRADING & CONTRACTING, DOHA, QATAR पुर्व स्विकृति मिति: २०७७।१०।२० चलानी नं. ६०१५४३६१ LT No. 235789 पून:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | काममा दक्ष | 2000 | 60000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

3. QARTAS BUS RENTAL CO WLL, QATAR पुर्व स्विकृति मिति: २०७९/०३/०१ चलानी नं. ६०१८१०१६ LT No. 265022 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 150 | काममा दक्ष | 1700 | 51000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: २०७९ भाद्र १४ गते (30 August 2022) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: क.नं. १ र २ को 10,000, क.नं. ३ को 0

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## CROATIAमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUMBLE HUNTER D.O.O

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०६ LT. No.260197 चलानी नं. ६०१७५४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 20 | 0 | 550 | ७०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason | 60 | 0 | 650 | ८३,०४० | | | | | | | |
| 3 | Production Worker | 20 | 0 | 500 | ६३,८७५ | | | | | | | |
| 4 | Shuttering Carpenters | 40 | 0 | 650 | ८३,०४० | | | | | | | |
| 5 | Steel Fixer | 100 | 0 | 650 | ८३,०४० | | | | | | | |
| 6 | Truck Driver | 100 | 0 | 800 | १०२,२०५ | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 5 | 550 | ७०,२६५ | | | | | | | |
| 8 | Warehouse Worker | 50 | 0 | 550 | ७०,२६५ | | | | | | | |
| 9 | Welder | 100 | 0 | 750 | ९५,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dulsco Human Resources Pvt. Ltd. श्रम इजाजत नं. ५००/०६१/०६२

Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, Fax: +977-1-4111230



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAWAHID ALTROQ STEEL WORKSHOP

पूर्व स्वीकृति मिति २०७९/०२/२० पुन: विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. 264264 चलानी नं.६०१८३३९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1200 | ४०,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सो को एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD. श्रम इजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :MARK TECHNOLOGIES GENERAL TRADING AND CONTRACTING COMPANY W.L.L.

पूर्व स्वीकृति मिति २०७८/०८/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. 253805 चलानी नं. ६०१७०४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 46 | 0 | 95 | ३९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क।-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम इजाजत नं. ८२०/०६६/०६७



## बि. जी. गार्मेन्ट प्रा. लि.

### बि. जी. गार्मेन्ट प्रा लि द्वारा आयोजित नि:शुल्क सिपमुलक तालिम सम्बन्धी सूचना

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र यस प्रा.लि.बिच भएको सम्झौता बमोजिम यस प्रा.लि.ले २०७९/८० आर्थिक वर्षमा २०० जनालाई तालिम प्रदान गरी प्रशिक्षार्थी कामदार रोजगारीमा संलग्न भई मौकाको फाइदा उठाउनुहोस् ।

| प्रशिक्षार्थी कामदारले गर्नुपर्ने काम | संख्या | प्रशिक्षणको मुख्य विषयवस्तु | प्रशिक्षण अवधी (दिन तथा महिना) | प्रशिक्षणको प्रकार (आधार भूत सिप विकास तथा सिप अभिवृद्धि तथा अन्य) | तालीम सम्पन्न गरी सक्नुपर्ने अवधि | मुल्यांकनको आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| गार्मेन्ट सम्बन्धी | २०० | गार्मेन्ट | ३ महिना | आधारभूत सिप विकास | ३ महिना | | |

फर्म भर्ने अन्तिम मिति: २७ भाद्र २०७९ सम्पर्क नं.९८४१६१९१२५



## मलेशियामा रोजगार

1. PAN CONCEPT TECHNOLOGY SDN BHD पुर्व स्विकृति मिति: 2079.05.06 चलानी नं. ६०१८५८९१ LT No. 270080

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 1500 | 43077 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. GREAT PLATFORM SDN BHD., पुर्व स्विकृति मिति: 2079.05.06 चलानी नं. ६०१८५८९४ LT No. 270081

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 1500 | 43077 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ भाद्र १४ गते (30 August 2022)मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASTERN TRADING MANINTENANCE & CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 269999 चलानी नं. ६०१८५८७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Digger | 3 | 0 | 1200 | ४२,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician | 1 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३५,१५५ | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 5 | Pipe Fitter | 1 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 7 | Reinforce Fitter | 3 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 8 | Technician | 4 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 9 | Welder | 2 | 0 | 1200 | ४२,१८५ | | | | | | | |
| 10 | Welding Technician | 2 | 0 | 1200 | ४२,१८५ | | | | | | | |

कम्पनी : FOUARD MARBLE AND STONE FACTORY

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 270019 चलानी नं. ६०१८५४७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 4 | 0 | 1200 | ७४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.co.np

श्रम इजाजत नं. ३८४/०५९/०६०

## चुनाव प्रचारका लागि...

पृष्ठ १ बाट जारी

एकीकृत समाजवादी पनि आयोगको उक्त प्रस्तावको विपक्षमा उभिएका छन् । उम्मेदवारीका लागि मनोनयन दर्ता गरेपछि प्रधानमन्त्री र मन्त्रीहरू पनि कामचलाउ हुने भएकाले उनीहरूलाई चुनाव प्रचारमा रोक लगाउन नहुने नेताहरूको भनाइ छ ।

यस्तै, प्रचारका लागि दिइने १५ दिनको समय पनि अव्यवहारिक भएको उनीहरूको भनाइ छ । पहाडी जिल्लाहरूमा निर्वाचन क्षेत्र ठूला हुने र भौगोलिक रूपमा कठिन क्षेत्र भएकाले १५ दिनमा चुनाव प्रचार गर्न नभ्याइने उनीहरूको मत छ ।

कांग्रेसका सहमहामन्त्री परियारले चुनावका बेला सामाजिक सञ्जालको प्रयोगमा बन्देज लगाउने प्रस्तावप्रति पनि असहमति जनाए । कांग्रेसले आचारसंहितालाई पूर्णरूपमा पालना गर्ने तर, आचारसंहिताका नाममा धेरै कडाइ पनि आवश्यक नहुने परियारको तर्क छ ।

**दुई जनाले मात्र हेलिकप्टर प्रयोग गर्न पाउने**

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रत्येक राजनीतिक दलका मुख्य दुई प्रचारकलाई मात्रै हेलिकप्टर प्रयोग गर्न दिने प्रस्ताव गरिएको छ । निर्वाचन आचारसंहिता, २०७९ मा आयोगले सवारीसाधन प्रयोग गर्दा अपनाउनुपर्ने आचरणअन्तर्गत कसले हेलिकप्टर प्रयोग गर्न पाउने र कसले नपाउने भन्ने उल्लेख गरेको छ ।

'राजनीतिक दलले प्रचारप्रसारका लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनुपर्ने र आयोगले अनुमति दिएका मुख्य प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,' आयोगको प्रस्तावित आचारसंहितामा भनिएको छ । त्यस्ता प्रचारकमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय कार्यपालिकामा रहेका पदाधिकारी भने रहन नपाउने भनिएको छ । 'तर, कुनै पनि मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीलाई मुख्य प्रचारकको रूपमा अनुमति दिइने छैन,' आयोगले भनेको छ ।

निर्वाचन प्रचारका क्रममा उम्मेदवारले निर्वाचन अधिकृतको अनुमति लिई सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईवटा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने प्रस्तावित आचारसंहितामा उल्लेख छ ।

एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारीसाधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने भनिएको छ । उम्मेदवारले लिएको सवारीसाधनमा मतदाता ओसारपसार गर्न पनि बन्देज लगाइएको छ ।

**विदेशी नम्बरका सवारी निषेध**

आयोगले चुनावको प्रचारप्रसारमा विदेशी नम्बरका सवारीसाधनको प्रयोग गर्न नदिने प्रस्ताव गरेको छ । भारतसँग सीमा जोडिएका क्षेत्रमा यसअघि भारतीय नम्बर प्लेटका सवारीसाधनलाई चुनावी प्रचारमा प्रयोग गर्ने गरिएको थियो ।

त्यस्ता सवारीसाधनहरूले नेपालमा दुर्घटना गराउँदा कारबाहीको दायरामा ल्याउनसमेत समस्या हुने गरेको विषय यसअघि पनि उठेको थियो । सोही विषयलाई सम्बोधन हुनेगरी आयोगले चुनाव प्रचारमा विदेशी नम्बर प्लेटका सवारीको प्रयोग गर्न नदिने गरी आचारसंहिता तयार पारेको हो ।

**सम्पत्ति र व्यक्तिगत विवरण बुझाउनुपर्ने**

प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवार बन्नेहरूले निर्वाचन आयोगमा व्यक्तिगत विवरण बुझाउनुपर्ने भएको छ । यसअघि सामान्य व्यक्तिगत विवरणमात्रै बुझाए पुग्ने भए पनि आउँदो निर्वाचनमा भने उम्मेदवार हुने व्यक्तिले सार्वजनिक जीवनमा हासिल गरेका महत्त्वपूर्ण उपलब्धि पनि उल्लेख गर्नुपर्ने भएको छ ।

उम्मेदवारले मनोनयनपत्रसँगै यो विवरण बुझाउनुपर्ने आयोगले जनाएको छ । यस्तै, सिलबन्दी रूपमा उम्मेदवारले सम्पत्ति विवरण पनि बुझाउनुपर्ने प्रस्तावित आचारसंहितामा उल्लेख छ । त्यसरी पेस गरिएको विवरणलाई मतपरिणाम सार्वजनिक नभएसम्म आयोगले गोप्यरूपमा राख्नेछ । मतपरिणाम सार्वजनिक भएपछि निर्वाचित उम्मेदवारको सम्पत्ति विवरण भने आयोगले सार्वजनिक गर्ने आचारसंहितामा उल्लेख छ । निर्वाचित नहुने उम्मेदवारको सम्पत्ति विवरण भने मागेमा फिर्ता दिइनेछ । फिर्ता माग नभएमा भने आयोगले त्यसलाई नष्ट गर्ने (धुल्याउने) भनिएको छ ।

'निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष उम्मेदवार) निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव, सार्वजनिक जीवनमा हासिल गरेका महत्त्वपूर्ण उपलब्ध तथा पुऱ्याएको महत्त्वपूर्ण योगदानसमेत उल्लेख भएको आयोगले तोकेबमोजिमको वैयक्तिक विवरण फारामसमेत पेस गर्नुपर्नेछ,' आयोगको प्रस्तावित आचारसंहितामा भनिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राजनीतिक दलका प्रतिनिधिहरूबाट आचारसंहिताका अधिकांश बुँदामा मिश्रित सुझाव प्राप्त भएको बताए । अबको केही दिनमा ती सुझावसहित आचारसंहितालाई अन्तिम रूप दिई आयोगले सार्वजनिक गर्ने उनले बताए ।

**खर्च विवरण नबुझाउनेलाई "नो इन्ट्री"**

आयोगले वार्षिक आय व्यय विवरण नबुझाउने राजनीतिक दललाई आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा सहभागी नगराउने चेतावनी भएको छ ।

आयोगमा ११६ वटा राजनीतिक दल दर्ता रहेका र त्यसमध्ये आगामी मंसिर ४ गते हुने निर्वाचन प्रयोजनका लागि भने ८४ वटा दलमात्रै दर्ता भएका आयोगले जनाएको छ । आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले वार्षिक आय व्यय विवरण नबुझाउने राजनीतिक दललाई निर्वाचनमा सहभागी नगराइने निर्णय भएको बताए ।

उनले दल दर्ताका लागि आवश्यक कागजातमध्ये राजनीतिक दलको वार्षिक आय व्यय विवरणको लेखापरीक्षण प्रतिवेदन (अडिट रिपोर्ट) पनि अनिवार्य बुझाउनुपर्ने बताए । आयोगमा दर्ता भएका दलहरूले बुझाएको कागजातको अध्ययन भइरहेको र अध्ययन सकेर केही दिनमै निर्वाचनमा भाग लिन पाउने दलहरूको सूची सार्वजनिक गरिने अर्याल बताउँछन् ।

दलहरूले आय व्यय विवरण नबुझाएको पाइएमा आयोगले पुनः माग गर्ने र माग गर्दा पनि नबुझाएको अवस्थामा निर्वाचनमा भाग लिन नदिइने अर्यालले बताए ।


**कर्मचारी आवश्यकता**

**भेरा हेल्थ प्रा.लि.मा सामान डेलिभरी गर्ने केही कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले यथाशीघ्र सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**पुनश्चः काम गर्न चाहने व्यक्तिको आफ्नै दुईपांग्रे सवारीसाधन हुनुपर्ने जानकारी गराइन्छ ।**

**काम : सामान डेलिभरी गर्ने ।**

(जति धेरै सामान डेलिभरी गऱ्यो त्यति धेरै कमाइ हुने)

*आवश्यक संख्या : केही ।

**भेरा हेल्थ प्रा.लि.**
महाराजगञ्ज, चक्रपथ, काठमाडौं (सेल्सबेरीको ठीक अपोजिट)
सम्पर्क नं. : ९८०८५४२४८५


# चार्जिङ स्टेसन स्थापनामा सुरक्षा चुनौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चार्जिङ स्टेसन स्थापना गर्ने कार्यमा सुरक्षा चुनौती र स्थानको समस्या भएको बताएका छन् ।

सोमबार नेपाल प्रहरी प्रधान कार्यालय र नेपाल विद्युत् प्राधिकरणबीच विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माण तथा सञ्चालन सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्दै उनले यस्तो बताएका हुन् । उनले नेपाल विद्युत् प्राधिकरणले राजमार्गको हरेक ६० किलोमिटरमा एउटा चार्जिङ स्टेसन स्थापना गर्ने लक्ष्य लिएको बताए । उनले यसमा नेपाल प्रहरीको भूमिका सबै भन्दा बढी प्रभावकारी रहने भएकोले यस सम्झौताले आगामी दिनमा नेपाल प्रहरीसँग प्रभावकारी रूपमा सम्बन्ध स्थापना हुने विश्वास व्यक्त गरे ।

चार्जिङ स्टेसन स्थापना गर्ने कार्यमा सुरक्षा चुनौती र स्थानको समस्यालाई समाधान गर्न नेपाल प्रहरीसँगको सहकार्य अत्यन्तै महत्वपूर्ण हुने उनले बताए ।

समारोहमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले चार्जिङ स्टेसन निर्माण र संचालन सम्बन्धी भएको सम्झौताका लागि नेपाल विद्युत् प्राधिकरणलाई धन्यवाद दिए । उनले आगामी दिनमा प्रहरी जनशक्ति बढी भएका प्रहरी कार्यालयहरूमा चार्जिङ स्टेसन विस्तार गर्न समेत आग्रह गरे । विद्युत् चोरी, विद्युतीय पोल चोरी लगायतका विषयमा विद्युत् प्राधिकरणसँग यसभन्दा अगाडि पनि सहकार्य गर्दै आएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले राजमार्ग र पहाडी जिल्लामा स्थापना भएका चार्जिङ स्टेसनहरूको सुरक्षाका लागि नेपाल प्रहरी सदैव तयार रहेको बताए ।

नेपाल विद्युत् प्राधिकरणका सहायक प्रबन्धक सागर मणि ज्ञवालीले चार्जिङ स्टेसनको स्थापनाको महत्व र उद्देश्यको बारेमा प्रकाश पारेका थिए ।

कार्वन उत्सर्जनबाट वायुमण्डल, पर्यावरण र जीवजन्तुमा पर्न गएको नकारात्मक असरले विश्वलाई नै चिन्तित बनाइरहेको अवस्थामा कार्वन फुटप्रिन्टलाई कम गर्न विद्युतीय सवारी साधनहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालनमा रहेका विद्युतीय सवारी साधनहरूलाई सहज रूपमा चार्जिङ सुविधा उपलब्ध गराउन यो सम्झौता भएको हो ।

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच सोमबार उक्त सम्झादारीपत्रमा हस्ताक्षर गरेका थिए ।

उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, नेपाल विद्युत् प्राधिकरणका निमित्त उप-कार्यकारी निर्देशक एवं सहायक प्रबन्धक, प्रहरी नायव महानिरीक्षकहरू एवं वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो ।

## सानीभेरी गाउँपालिका

## Sanibheri Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office Of The Municipal Executive

सिम्ली, रुकुम (पश्चिम)

Simli, Rukum, (West)

कर्णाली, प्रदेश, नेपाल

Karnali Province, Nepal

## सानीभेरी गाउँपालिका अन्तगर्त नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् तथा बिक्री सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०७ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) एवं सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९/०५/०५ गतेको निर्णय बमोजिम आर्थिक वर्ष २०७९।०८० को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी सानीभेरी गाउँपालिका क्षेत्रअन्तर्गत पर्ने देहायका शीर्षकमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सोको लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्र लिन चाहने व्यक्ति, फर्म वा कम्पनीबाट निम्नलिखित शर्तहरूको अधिनमा रही आफ्नो फर्ममा नविकरण भएको प्रमाणपत्र, मूल्यअभिबृद्धि करदर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गरी रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्युनतम अंक (VAT बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| 01/SRM/079/080 | चाइनाबगर देखि बाहुनीखेत खण्ड वडा न १ | ५,००,००० | १५,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 02/SRM/079/080 | सिस्ने खोलादेखि स्यालेबगर खण्ड वडा नं.२ | ३,००,००० | ९,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 03/SRM/079/080 | बेल्टापुदेखि प्रियतरा मैतुलोटे खण्ड वडा नं.३ | ५,००,००० | १५,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 04/SRM/079/080 | नाय खोलादेखि रिम्ना दोभान खण्ड वडा नं.४ | ३,००,००० | ९,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 05/SRM/079/080 | स्यालेबगरदेखि छोटेबगर वडा नं.७ | २,००,००० | ६,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |
| 06/SRM/079/080 | हासिबाङदेखि सिम्लीखोला खण्ड वडा नं.९ | ६००,००० | १८,००,००० | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको प्राविधिक शाखाबाट खरिद गर्न सकिनेछ र फाराम दस्तुर सनराइज बैंक सानीभेरी शाखाको आन्तरिक राजश्व खाता नम्बर ०७७०५३०७८७७०३००९ जम्मा गरेको बैंक सक्कल भौचर पेश गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका बोलपत्रहरू ३१ औं दिन दिनको १२:०० बजेभित्र बोलपत्र दर्ता र सोही दिन १:०० बजे यस कार्यालयमा बोलपत्र दाताको रोहबरमा खोलिनेछ । बोलपत्र दाताहरू उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२. यस कार्यालयबाट प्रमाणित भएका बोलपत्र फारामहरू बोलपत्रदाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।

३. बोलपत्र फारम खरिद गर्दा निवेदनसहित फर्म वा कम्पनीहरूले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर को प्रमाणपत्र तथा आर्थिक वर्ष २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र तथा नविकरणको प्रतिलिपी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुरवापत नगद तिरेको रसिद वा बैंक जम्मा भौचर पेश गर्नुपर्नेछ ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्टसँग लेखी कम्तीमा ५% प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको सानीभेरी शाखाको सनराइज बैंकमा रहेको खाता नम्बर ०७७०५३०७८७७०३००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्नेछ । कबोल गरेको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५. यसपूर्व यस कार्यालयबाट कुनै पनि ठेक्का लिएर रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन । तर बोलपत्र पेश गर्नु भन्दा अगाबै फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्र दाताले मान्यताप्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०८० श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको जमानी पत्र (Performance Bond) पेश गर्नुपर्नेछ ।

७. स्वीकृत ठेक्का अंकलाई दुई चरणमा विभाजन गरिएको छ । पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतमध्ये पहिलो किस्ता ६० प्रतिशत सम्झौताको बखत नगद दाखिला गरी र बाँकी ४० प्रतिशतको हकमा जमानत बापत् नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट मान्य हुने बैंक ग्यारेन्टी (Performance Bond) पेश गर्नुपर्नेछ ४० प्रतिशत रकमको किस्ता सम्झौता समयभित्र दाखिला गर्नुपर्ने छ ।

८. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनकालागि लोडर, डोजर, एक्साभेटर जेसिवि र ६ चक्के टायर भएका भन्दा हेवि इक्विप्मेन्ट प्रयोग गर्न मिल्ने छैन ।

९. ढुंगा गिट्टी बालुवा लगायत अन्य प्राकृतिक स्रोत साधनको उत्खनन तथा सङ्कलन कार्य बेलुका सूर्यास्तदेखि बिहान सूर्योदयसम्म गर्न पाइने छैन ।

१०. प्राकृतिक स्रोत साधनको उपयोग तथा बिक्रीवितरण सङ्कलन गर्ने प्रयोजनका लागि गाउँकार्यपालिका कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ । साथै स्थानीय तहबाट निकासी गरी नदीजन्य पदार्थको निकासीकर सम्बन्धित डिपोमा बुझाउनुपर्नेछ ।

११. उत्खनन् गरिएको नदीजन्य पदार्थ खोलाको किनार वा सार्वजनिक स्थलमा घाटगद्धि गर्न पाइने छैन । त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नुपर्नेछ ।

१२. कुनै पनि बन्द, हडताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दाबी गर्न पाइने छैन । नदिजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र दाताले व्यवस्थापन गर्नुर्नेछ ।

१३. माथि उल्लेखित शर्तहरू उल्लंघन गरेमा वा तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टी बाट असुलउपर गर्ने गरी कानुनी प्रक्रिया अपनाइनेछ । साथै असुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

**दिपक बुढाथोकी**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# व्यावहारिक आचारसंहिताको खाँचो

आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आयोगले आचारसंहिता निर्माण गरिरहेको छ । आयोगले आचारसंहिताको खाकासमेत तयार पारिसकेको छ । जसलाई अन्तिम रूप दिन बाँकी छ । आयोगले प्रस्तावित आचारसंहिताबारे सोमबार प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गर्‍यो । र, आचारसंहितामा प्रस्ताव गरिएका प्रावधानबारे 'बिफ्रिङ' गर्‍यो ।

जसमा दलहरूले आ–आफ्ना सुझाव दिएका छन् । यही सुझाव समेटेर आयोगले केही दिनपछि आचारसंहिता सार्वजनिक गर्नेछ । आयोगले प्रस्ताव गरेको आचारसंहितामा मौन अवधिको १५ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार गर्न दिनेदेखि प्रचारप्रसारमा एक पटकमा २५ जनासम्मको ¥याली गर्न पाउने भनेको छ ।

आयोगले प्रधानमन्त्री तथा मन्त्री र स्थानीय तहका जनप्रतिनिधिहरू चुनाव प्रचारमा खट्न नपाउने व्यवस्था गर्ने प्रस्ताव गरेको छ । प्रधानमन्त्री, बहालवाला मन्त्री र स्थानीय तहका जनप्रतिनिधि चुनावी प्रचारमा खटिँदा त्यसले 'प्रभाव' पार्ने भन्दै आयोगले यस्तो व्यवस्था प्रस्ताव गरेको हो ।

निर्वाचन प्रचारका क्रममा उम्मेदवारले निर्वाचन अधिकृतको अनुमति लिई सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोकेबमोजिम बढीमा दुईवटा दुईपांग्रे वा तीनपांग्रे वा चारपांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारीसाधन र त्यस्ता सवारीसाधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने आचारसंहितामा उल्लेख छ । अनि, विदेशी नम्बरका सवारीसाधनको प्रयोग गर्न नदिने आयोगको प्रस्ताव छ ।

आयोगले आचारसंहिता बनाउँदा धेरै कुरामा ध्यान दिनुपर्छ । प्रथमतः आचारसंहिता कार्यान्वयन हुने खालका बनाउनुपर्छ । कार्यान्वयन गर्न नसकिने आचारसंहिता बनाउनुको अर्थ रहँदैन । किनकि, यसअघिका निर्वाचनमा बनेका आचारसंहिता कार्यान्वयनमा आयोगको फितलोपनाले पनि यसमा संशय उत्पन्न गराएको छ । आचारसंहिता कर्मकाण्डी बनाउनु हुँदैन । बनेका आचारसंहितामा आयोगले कडाइ गर्नैपर्छ ।

आयोगले प्रस्ताव गरेको आचारसंहिताका धेरै विषय व्यवहारिक र राम्रा छन् । तर, कतिपय विषय भने अव्यवहारिक लाग्छन् । जस्तो, चुनाव प्रचारका लागि १५ दिन समय दिने कुरा अव्यावहारिक छ । कारण, हाम्रो देशको भौगोलिक अवस्थितिले पनि यसमा समस्या हुन्छ । खासगरी एउटा मात्र निर्वाचन क्षेत्र भएका पहाडी र हिमाली जिल्लामा १५ दिन चुनाव प्रचारका लागि अपर्याप्त समय हो ।

कुनै एक भूगोलबाट अर्को भूगोलमा पुग्न नै निकै समय लाग्ने भएकाले प्रचारका लागि १५ दिन अपर्याप्त हुने देखिन्छ । यस्ता जिल्लाहरूमा यातायातको सहज पहुँच छैन । अहिले पनि पहाडी जिल्लाहरूमा सदरमुकामबाहेक गाउँ क्षेत्रमा बाटो पुगेको छैन । पुगेका ठाउँतिर पनि व्यवस्थित हुन सकेको छैन । जहाँ सवारी सञ्चालन गर्न सम्भव छैन । जसका कारण उम्मेदवारको घरदैलोमा समस्या हुन्छ ।

उम्मेदवारले सकेसम्म सबै मतदाताको घरआँगनमा पुगेर आफ्ना योजना र सपनाका विषयमा भन्न, बुझाउन पाउनुपर्छ । यो उनीहरूको अधिकार त हुँदै हो मतदाताका लागि पनि आवश्यक विषय हो । कुन उम्मेदवारका योजनाका कस्ता छन्, त्यसलाई कार्यान्वयन गर्ने मार्गचित्र के छ भन्ने थाहा पाउनु मतदाताको अधिकार हो । अझ, अनुहारै नदेखेका उम्मेदवारलाई मत हाल्न मतदाताको मनले मान्दैन । त्यसै पनि उनीहरू आफ्नो क्षेत्रमा उम्मेदवार आइदियोस् भन्ने चाहन्छन् । उम्मेदवार पनि सबैसम्म पुग्न चाहन्छन् । तसर्थ, १५ दिनको समय प्रचारका लागि अपुग नै हुन्छ ।

तराई र यातायातको सहज पहुँच भएका जिल्लाहरूमा त कुनै कठिनाइ नहोला तर, दुर्गम पहाडी क्षेत्रमा यो व्यवस्था अव्यावहारिक हुनेमा दुईमत छैन । आयोगले यसमा ध्यान दिनैपर्छ । यसैगरी, प्रविधिको प्रयोग, चुनावी ¥यालीमा सहभागी हुने व्यक्तिको संख्यालगायतका विषयमासमेत पुनर्विचार गर्नैपर्छ । बद्लिँदो समयसँगै आयोगले आफूलाई पनि बदल्न सक्नुपर्छ । निर्वाचनलाई स्वच्छ, स्वस्थ, भयरहित वातावरणमा सम्पन्न गराउने प्रमुख दायित्व सरकार र आयोगकै भएकाले यसमा गम्भीर हुनैपर्छ ।

# सादगी जीवनशैली, इमान्दारिता र निष्ठा गिरिबाट सिक्नुपर्छ

▶▶ दिनेश प्रसाईं

**नेहरू विश्वविद्यालयले जुराएको भेटघाट**

प्रदीपजीसँग मेरो विशेष भेटघाट २०६० सालदेखि भएको हो । तत्कालीन राजा ज्ञानेन्द्रको माघ १९ को दोस्रो कदमपछि उहाँसँग मेरो नयाँ दिल्लीमा भेट भयो । नयाँदिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालयमा अनुसन्धानका सिलसिलामा भएको भेटघाट मेरा लागि निकै स्मरणीय छ । २०६२/६३ को लोकतान्त्रिक आन्दोलनका समयतिर हामीले नयाँदिल्लीबाट लोकतन्त्र भन्ने पत्रिका निकाल्थ्यौं । त्यसका लागि प्रदीपजीले प्रत्येक अंकका लागि १० हजार रूपैयाँ जुटाइदिनुहुन्थ्यो । उक्त पत्रिकाका लागि नेताहरूको लेख उपलब्ध गराउन उहाँले सहयोग गर्नुहुन्थ्यो । सो पत्रिकाको प्रधानसम्पादक शैलेश आचार्य हुनुहुन्थ्यो भने म कार्यकारी सम्पादक रहेको थिएँ । एक महिनादेखि दुई/तीन महिनाको अन्तरालमा निस्कने उक्त पत्रिका हामीले छ अंकसम्म प्रकाशन गर्‍यौं ।

नेपालमा लोकतन्त्रका लागि माओवादी र संसदीय दलहरू मिल्नुपर्छ भन्ने सन्देशलाई उक्त पत्रिकाले जोड दिने गरेको थियो । लोकतन्त्रका पक्षमा विभिन्न लेख, रचना पत्रिकामा छापिन्थे । तत्कालीन समसामयिक राजनीतिका सम्बन्धमा नरहरि आचार्य, प्रदीप ज्ञवाली, बाबुराम भट्टराईलगायत विभिन्न नेताका लेख उक्त पत्रिकाका माध्यमबाट प्रकाशन हुन्थे । उक्त पत्रिकाका सिलसिलामा उहाँसँग राम्रै छलफल तथा भेटघाट हुने गर्दथ्यो । नेपालमा लोकतन्त्रको स्थापनापछि पनि विद्यावारिधिका सिलसिलामा मैले त्यसपछिका चार वर्ष नयाँ दिल्लीमा नै बिताएँ । त्यसबीचमा पनि प्रदीप गिरि भारत आउँदाजाँदा बाक्लै भेटघाट हुने गरेको थियो ।

जवाहरलाल नेहरू विश्वविद्यालयमा रहँदा तत्कालीन समयमा नेपालबाटै विद्यावारिधिका लागि गएका २०/२५ जना साथी मिलेर हामीले 'टक सिरिज' पनि चलाउथ्यौं । उक्त टक सिरिजमा साहित्य, संगीत, दर्शन, राजनीतिका विषयमा चर्चा परिचर्चा गरिन्थ्यो । उक्त सिरिजमा भारतका ठूलाठूला विद्वान पनि सहभागी बन्ने गर्दथे । भारतका ठूलाठूला विद्वानहरूसमेत सहभागी हुने ती सिरिजमा प्रदीप गिरिको उपस्थिति हाम्रा लागि गर्व महसुस गराउँथ्यो । भारतीय विद्वान पनि उहाँलाई निकै आदर सम्मान गर्दथे । उहाँको बौद्धिकता नेपालको मात्र नभई भारत र समग्र दक्षिण एसियाकै लागि गर्व गर्न लायकको थियो ।


**चारै भाषामा राम्रो दख्खल**

बौद्धिकताको हिसाबले मात्र नभई उहाँको विभिन्न भाषामा उत्तिकै दख्खलता थियो । गिरिको नेपाली, अंग्रेजी, हिन्दी र संस्कृत चारवटै भाषामा राम्रो ज्ञान थियो । यी चारवटै भाषामा उत्तिकैरूपमा राम्रोसँग लोमो समयसम्म पनि बहस गर्नसक्ने उहाँको अचम्मको क्षमता थियो ।

**अचम्मको सादगीपन**

उच्चस्तरको बौद्धिक नेता भएर पनि गिरिमा अचम्मको सादगीपन थियो । हामीहरू नयाँदिल्लीमा त्यस समयमा अटोमा हिँड्ने गर्दथ्यौं । टाउकोमा फेटा बाँधेर हिँड्ने गिरिसँग म ठूलो हुँ भन्ने भावना कहिल्यै पनि देखिएन । दिल्लीमा त्यहाँको राजनीतिसँगै विश्व राजनीतिमा प्रभाव पार्ने ठूलाठूला नेता तथा साहित्यकारसँग उहाँको बृहत् सम्बन्ध थियो । सोनिया गान्धी, करण सिंहजस्ता नेताहरूसँग उहाँको सीधै सम्पर्क थियो । नेपालबाट जाने नेताहरूले भारतीय नेतासँग भेट गराउन उहाँलाई भेट्न खोज्दथे । तर, उहाँमा सकेसम्म यहाँबाट गएका नेतासँग नभेट्ने अचम्मको बानी थियो ।

अध्यात्ममा अत्यधिक रुचि रहेका कारण पनि उहाँ समय-समयमा भारतका विभिन्न स्थानमा रहेका सन्यासीको अखडामा गएर समय बिताउनुहुन्थ्यो । सामान्य किसिमको खानपिन रुचाउनुहुने गिरिले प्रायः



त्यत्रो बौद्धिक र प्रभावशाली नेता भएर पनि उहाँको राजनीति भने तेस्रो प्राथमिकतामा थियो । उहाँको पहिलो प्राथमिकता साहित्य हो भने दोस्रो प्राथमिकता अध्यात्म हो । उहाँलाई राजनीतिलाई किन प्राथमिकतामा राख्नुहुन्न भन्ने जिज्ञाशामा म राजनीतिबाट ' डिस्टर्ब' हुन चाहन्न भन्नुहुन्थ्यो । उदार स्वभावका उहाँ सबै राजनीतिक दललाई उत्तिकै सहयोग गर्नुहुन्थ्यो । उहाँ सबैको मान्छे हो । आफ्नै पार्टीको पनि उहाँले स्पष्टरुपमा आलोचना गर्नुहुन्थ्यो ।

०००

सादा खाना, दही, दुई/तीन वटा रोटी र समयानुसारको तरकारी खानुहुन्थ्यो । मैले उहाँले धूमपान गरेको देखिनँ । वि.सं. २०६०/६१ देखि नै उहाँले खानेकुरामा पथपरेजमा बस्ने गर्नुभएको थियो । अध्ययन सकेर नेपाल फर्केपछि व्यवसायका सिलिसिलामा मैले पोखरामा सञ्चालन गरेको जलमहल होटल उहाँको अधिकांश यहाँ आउँदा बस्ने स्थान हो । जलमहलमा कोठा अपुगै भएका अवस्थामाबाहेक उहाँ यहीँ नै बस्ने भएकाले उहाँसँग दिल्लीपश्चात् पनि निरन्तर छलफल एवं अन्तर्क्रिया हुने गरेको थियो ।

**अरूलाई अध्ययनमा प्रेरित गरिरहने**

प्रदीप गिरि आफूमात्रै अध्ययन गर्ने होइन, अरूलाई पनि अध्ययनमा प्रेरित गरिरहनुहुन्थ्यो । भेट भएका युवालाई पञ्चतन्त्र, महाभारत जस्ता ग्रन्थ पढ्नका लागि उहाँले अभिप्रेरित गर्नुहुन्थ्यो । आफू पनि निरन्तर पढिरहने उहाँ एकै दिनमा तीन/चारवटा पुस्तक पढ्ने गर्नुहुन्थ्यो । नयाँदिल्लीको दारियागञ्जमा प्रत्येक आइतबार पुराना पुस्तकको बिक्रीवितरण हुनेगरी हाट लाग्ने गर्दछ । त्यहाँ गएर गिरिले प्रत्येक पटक २०/३० वटा पुस्तकसम्म किन्ने गर्नुहुन्थ्यो ।

त्यस्तै जवाहरलाल नेहरू विश्वविद्यालय नजिकै वसन्त विहारमा पनि विभिन्न विषयका पुस्तकहरू किन्नका लागि उहाँ जाने गर्नुहुन्थ्यो । त्यहाँ विशेषतः सामाजिक अध्ययन विषयका पुस्तकहरू पाइन्थ्यो । नयाँदिल्लीकै बौद्धिक व्यक्ति पुग्ने खान मार्केटमा पनि उहाँ समय-समयमा पुगेर किताब किन्ने गर्नुहुन्थ्यो । मेरा अनुभवमा उहाँले किताब नकिनेको कुनै हप्ता नै हुँदैनथ्यो । पोखरामा दुई पटकसम्मका साहित्य मेलामा उहाँले गर्नुभएको दन्त्यकथा र महाभारतका पात्र विषयक परिचर्चा अहिले पनि उत्तिकै चर्चामा छ ।

कार्यक्रममा बोलाउन ४ बजेपछिको समय उपयुक्त

नयाँ दिल्लीमा टक सिरिज तथा अन्य वैचारिक कार्यक्रममा गिरिलाई सहभागी बनाउनका लागि हामीले धेरैजसो अपराह्न ४ बजेपछिको समय राख्ने गर्दथ्यौं । अत्यधिक पढिरहने गिरि राति अबेरसम्म पनि पढ्ने भएकाले भोलिपल्ट अपराह्न १२ देखि १ बजेसम्म उहाँलाई सुत्नुपर्थ्यो । उहाँको उपस्थितिले कार्यक्रमको गरिमा नै उँचो हुने भएकाले उहाँको समयलाई बाधा नपार्ने किसिमले हामीले त्यही किसिमबाट कार्यक्रम तय गर्ने गर्दथ्यौं ।

**भारतीय नेताहरूसँग राम्रो सम्बन्ध**

गिरिको भारतीय नेताहरूसँग अचम्मको नजिकको सम्बन्ध थियो । उहाँ र करण सिंहलगायतका नेतासँगको केही भेटघाटमा मैले सँगै जाने अवसर पाएको छु । करण सिंहले उहाँलाई अत्यन्त आदर गर्नुहुन्थ्यो । जुन मैले प्रत्यक्ष देखेको छु । भारतीय नेताहरू नीतिश कुमार, लालुप्रसाद यादव, बिपी त्रिपाठीलगायतका नेतालाई उहाँले प्रशिक्षण दिनुभएको थियो ।

भारतीय राजनीतमा राम्रो प्रभाव राख्ने अधिकांश नेताहरूसँग उहाँको अचम्मको सुमधुर सम्बन्ध थियो । भारतमा इन्दिरा गान्धीको संकटकालको समयपछि उहाँले भारतमै रहेर 'सोसिइलिस्ट मुभमेन्ट'को नेतृत्व पनि गर्नुभएको थियो । विशेषगरी गान्धीवादी विचारक गिरिको भारतका नेताहरू जयप्रकाश नारायण, राममनोहर लोहियाहरूसँग नजिकको सम्बन्ध रहेको थियो । उहाँको सोनिया गान्धी, इन्दिरा गान्धी, राजीव गान्धीलगायतका नेतासँग पनि राम्रै सम्बन्ध थियो ।

**तेस्रो प्राथमिकतामा राजनीति**

त्यत्रो बौद्धिक र प्रभावशाली नेता भएर पनि उहाँको राजनीति भने तेस्रो प्राथमिकतामा थियो । उहाँको पहिलो प्राथमिकता साहित्य हो भने दोस्रो प्राथमिकता अध्यात्म हो । उहाँलाई राजनीतिलाई किन प्राथमिकतामा राख्नुहुन्न भन्ने जिज्ञाशामा म राजनीतिबाट 'डिस्टर्ब' हुन चाहन्न भन्नुहुन्थ्यो । उदार स्वभावका उहाँ सबै राजनीतिक दललाई उत्तिकै सहयोग गर्नुहुन्थ्यो । उहाँ सबैको मान्छे हो । आफ्नै पार्टीको पनि उहाँले स्पष्टरूपमा आलोचना गर्नुहुन्थ्यो ।

**गिरिबाट सिक्नुपर्ने पाठ**

सादगीपनसँगै गिरिको इमान्दारिता, निष्ठा, अध्ययनशीलता वर्तमानमा जो कोही नेतृत्वले सिक्नुपर्दछ । गाउँगाउँमा कुटिर उद्योगमार्फत रोजगारी सिर्जना गर्नुपर्छ भन्ने विचार राख्ने गिरिले सधैं गाउँ केन्द्रित राजनीतिका पक्षमा आवाज उठाउनुभयो । समाजका सबै वर्ग र समुदायको समुत्थान हुनुपर्छ भन्दै उहाँले 'कदमजम' को नारालाई अघि सार्नुभएको थियो । राष्ट्रमा सबैको पहुँच स्थापना हुनुपर्ने भन्दै उहाँले कर्णालीको समस्या, दलित, महिला, जनजाति र मधेसीलाई समेट्दै अघि बढ्नुपर्ने विषयलाई जीवनपर्यन्त उठाइरहनुभयो ।

*(अनुसन्धाता प्रसाईंसँग रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले गरेको टेलिफोन संवादमा आधारित)*

## मननयोग्य

### विदुर नीति

धैर्य, शान्ति, इन्द्रिय नियन्त्रण, शुद्ध व्यवहार, दया, कोमल वा नरम बोली र मित्रद्रोह नगर्नु यी सातवटा यस्ता गुण हुन् जसले मानिसको समुन्नति र प्रगति गराउँछ ।

जुन राजा वा मानिसले आफूमा आश्रित रहेका व्यक्तिहरू (भाइ, छोराहरू) लाई भाग-वण्डा, बाँडफाँड नगरेर सारा सम्पत्ति आफैले मात्र हडप्दछ । त्यस किसिमको दुष्ट स्वभाव भएको कृतघ्न एवम् निर्लज्ज राजा या मानिसलाई जनता एव्म हितैषी साथीभाइहरूले साथ दिन छाड्दछन् ।

जसरी सर्प पसेको घरको मानिसले रातमा निश्चित (मस्त) सँग सुत्न सक्तैन । त्यसैगरी यदि मानिस आफैं दोषी छ भने उसको अवगुणहरू बिलकुलै नभएका आफ्ना अन्तरङ्ग मित्रहरूलाई पनि चिदाउँछ (नाखुश पार्छ) त्यसैपछि उसले रातमा पनि सुखको निद्रा पाउँदैन ।

जुन मानिसलाई दोषरोपण गर्दा उनीहरू रिसाए भने आफ्नो जीवनवृत्तिमा असर पार्न जान्छ त्यस्ता मानिसलाई सदैव देवतालाई जस्तै गरेर खुसी राख्नुपर्दछ ।

जसले धन सम्पत्तिजस्ता कुरालाई स्त्री, बौलाहा, सामाजिक रूपले बहिष्कृत (पतित) अनि दुष्ट मानिसहरूको जिम्मामा सुम्पने गर्छ । यस्ता व्यक्तिहरूमा यी कुराहरू उपलब्ध हुनेवाला पनि छन् भने यसरी हुने सम्पत्तिको प्राप्तिलाई सन्देहात्मक रूपले हेर्ने गर्नुपर्दछ ।

जुन देशको शासन स्त्री, जुवाडे, बालक आदिको हातमा छ त्यस देशमा जनताको अवस्था ढुंगो वा पत्थरले बनेको डुंगामा चढेर गहिरो समुद्रको यात्रा गर्ने यात्रीहरूसरह हुन्छ, जो सधैं विपत्तिरूपी समुद्रमा डुब्दछन् ।

जो मानिस जे जत्ति काम गर्न आवश्यक छ त्यती मात्र काम गर्न संग्लन रहन्छ र धेरैमा हात हाल्ने, त्यस्तो मान्छेलाई म पण्डित हो भन्ने ठान्दछु । किनकि धेरै ठाउँमा हात हाल्नु भनेको संर्घषको कारण हुन जान्छ ।

क्रमशः

# असल समाजको सपना देख्ने प्रदीप गिरि

किशोर नेपाल

मृत्युको अपेक्षा कसैले गर्दैन । त्यो जहिले पनि अनपेक्षित हुन्छ । हामी कसैले पनि प्रदीप गिरि यति छिट्टै दिवंगत हुनुहोला भनेर सोचेका थिएनौं । उहाँ उपचारका लागि भारतको मुम्बईमा हुनुहुन्थ्यो । हामी उहाँ छिट्टै निको भएर फर्किनुहुनेछ भन्ने अभिलाषामा बाँचेका थियौं । उहाँको निधन असामयिक थिएन । उहाँ उमेरको माथिल्लो हदमा हुनुहुन्थ्यो । यति हो कि, हाम्रो सोचाइमा उहाँको महाप्रस्थानको समय भएको थिएन । काललाई कसैले छल्न सक्दैन । प्रदीप गिरिले पनि त्यसलाई छल्न सक्नुभएन ।

अहिलेको जटिल राजनीतिक परिस्थितिमा प्रदीप गिरिको अनुपस्थिति सबैलाई खट्किएको छ । यो अस्वाभाविक होइन । आजको राजनीतिक परि दृश्यमा प्रदीप गिरि सर्वपक्षीय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ कांग्रेस पार्टीको टिकटमा चुनिएका सांसद भए पनि राजनीतिमा उहाँको सर्वमान्यता स्थापित भएको थियो । सबै दलका सदस्यहरू उहाँका कुरा सुन्दथे । उहाँका तर्कहरूको मनन् गर्दथे । उहाँका विचारहरूको कार्यान्वयन गर्न नसके पनि त्यसमा सहमति जनाउँथे । उहाँमा रहेको व्यापक ज्ञान, सिद्धान्तप्रतिको अविचलित निष्ठा, समाजवादी समाज निर्माणप्रतिको प्रतिबद्धता, निर्भिक र स्पष्टवादी स्वभावका कारण राजनीतिमा लाग्ने मानिसमा उहाँको ठूलो आकर्षण थियो । प्रतिनिधिसभा पटलमा अभिव्यक्त उहाँका विचारहरू सर्वदलीय आकर्षणका विषय हुन्थे । प्रदीप गिरिका विचार ओजस्वी त हुन्थे नै, सामाजिक हिसाबले पनि सन्तुलित हुन्थे । आफना विचारले समाजका सबै वर्ग र पक्षका मानिसलाई वशिभूत गर्नु सामान्य कुरा थिएन ।

देशका प्रतिष्ठित वरिष्ठ चिकित्सक मधु घिमिरे भन्छन्, 'मैले धेरै राजनीतिज्ञलाई जाँच गर्ने र हेर्ने मौका पाएको छु । प्रदीप गिरिको पकड नीतिमाथि रहेको छ । नीतिको कुरामा उनी गहिराइमा पुगेका छन् । उनी आजका भ्रष्ट चरित्रको राजनीतिबाट अलग छन् । उनले पदको मोह अँगालेका छैनन् । पदको होडबाजीले राजनीतिलाई दूषित पार्दछ । पदको मोह त्याग नगरेसम्म राजनीति चोखो रहन सक्दैन भन्ने मान्यता राख्दथे प्रदीप गिरि ।'

धेरैजसो वुद्धिजीवीहरू प्रदीप गिरिलाई बिपीपछिको सबैभन्दा प्रभावशाली मार्गदर्शकका रूपमा लिन्छन् । आजको राजनीतिको मुख्य समस्या भनेको यसमा नैतिक तत्वको अतिशय अभाव हो । अधिकारको दुरूपयोग तीव्रगतिमा आकासिएको छ । आदर्शका प्रारूप खजमजिएका छन् । परस्परमा अहंकारको लडाइँ चलिरहेको छ । राजनीतिमा लागेका मानिसले विनयशीलता गुमाउँदै गएका छन् । राजनीतिज्ञहरू असल कुराका पक्षमा आफूलाई उभ्याउन चाहँदैनन् । व्यक्तिगत स्वार्थको पोषणका लागि जस्तोसुकै गलत सम्झौता गर्न पनि पछि पर्दैनन् ।

राजनीतिक दलका सदस्य र नेताहरू प्रदीप गिरिजस्ता मानिसको महिमा गाउन चुक्दैनन् । तर, उनीहरूले देखाएको बाटोमा हिँडन चाहँदैनन् । किनभने, सत्यको बाटो कठोर हुन्छ । सत्यको बाटो हिँडन चाहने मानिसले धेरै दुर्गम अवस्था भोग्नुपर्ने हुन्छ । उसका परिवारले दुःख पाउँछन् । सामाजिक उत्थानका लागि दुःख पाउने व्यक्तिको प्रशंसा होइन, जग हँसाइ हुन्छ ।

यो पंक्तिकार प्रदीप गिरिको संगतमा आउँदा भर्खर १४ वर्षमा पाइला टेकेको थियो । त्यसपछिको यो लामो समयमा मैले प्रदीप गिरिको विचार र व्यक्तित्व समान पाएको छु । हो, उहाँका विचारहरू प्रखर भएका छन् । व्यक्तित्वमा निखार आएको छ र आवाजमा आधिकारिकता थपिएको छ । तर, उहाँको स्वप्नजीवी स्वभावमा कहिल्यै परिवर्तन आएन । उहाँले जस्तोसुकै खराब समयमा पनि असल समाजको सपना देख्नुभयो । परिवर्तनको अवश्यम्भाविता मा उहाँको गहिरो विश्वास थियो । युवा शक्तिमा जागरण ल्याउन उहाँले थुप्रै काम गर्नु भएको छ । उहाँका योगदानका परिणामहरू छिट्टै देख्न पाइने आशा गरौं ।

प्रदीप गिरि बिपी कोइरालासँग त निकट हुनुहुन्थ्यो नै । उहाँको सम्बन्ध सहिद सरोजप्रसाद कोइरालासँग पनि प्रगाढ थियो । निर्दलीय पञ्चायत व्यवस्थाका गुण्डाहरू भारत भूमिमा पसेर कोइरालाको हत्या गरे । त्यो घटनाले प्रदीप गिरिलाई अत्यन्त बिह्वल बनायो । त्यतिखेर उहाँ बनारसमा अध्ययन गर्दै हुनुहुन्थ्यो । त्यो घटनापछि उहाँको जीवनमा नयाँ मोड आयो । तैपनि, उहाँले आफनो अध्ययन प्रक्रियालाई निरन्तरता दिनुभयो । जनमत संग्रहपछि नेपाल आउनुभएका गिरिले राजनीतिलाई नौलो दिशा दिनुभयो । बिपीको देहावसानपछिको अवस्थामा प्रदीपले नै बौद्धिक बहसको परम्परालाई निरन्तरता दिनुभयो ।

प्रदीप गिरि अब हाम्रा बीच हुनुहुन्न । उहाँ समानको कुनै अर्को पथ-प्रदर्शक पनि नभमा देखिएको छैन । समाजमा प्रतिदिन विकार फैलिएको छ । उहाँले राजनीतिमा धकेलेर अघि बढाएका थुप्रै व्यक्तित्वहरू नभएका होइनन् । तीमध्ये धेरै ओझेलमा परेका छन् । प्रदीप गिरिले बोक्नुभएको लोकतान्त्रिक समाजवादको मसाल कसैले न कसैले, ढिलो-चाँडो बोक्न त बोकी हाल्ने छन् तर समय घर्किदै छ । परिवर्तनका लागि अरू कति पुस्ता पर्खिनुपर्ने हो ? प्रश्न गम्भीर छ । *रासस*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । सं.

# भूकम्पीय प्रकोपको उच्च जोखिममा कर्णाली प्रदेश

**कर्णाली–** कर्णाली प्रदेशको चुरे तथा लेसर हिमालय क्षेत्र भूकम्पीय प्रकोपको उच्च जोखिममा रहेको पाइएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा सोमबार सुर्खेतमा आयोजित कर्णाली प्रदेशको परि दृश्य भूकम्पमा आधारित प्रभाव आकलनसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै अनुसन्धानकर्ता विज्ञहरूले हिमालयको सबैभन्दा सक्रिय दरार पश्चिम नेपाल खण्डमा उत्पत्ति हुने बताए ।

कार्यशालामा भूकम्पविद् डा दीपक चम्लागाईंले नेपालमा भविष्यमा जानसक्ने ८.६ र ७.८ म्याग्निच्युडका भूकम्पले पार्न सक्ने प्रभावसम्बन्धी कार्यपत्र प्रस्तुत गरे ।

हिमालयको सबैभन्दा सक्रिय दरारको पश्चिम नेपाल खण्डमा भूकम्प उत्पत्ति हुने र चुरेको अग्रभागसम्म दरार उत्पन्न भई ८.५ म्याग्निच्युडको हुने परिदृश्य रहेको वैज्ञानिक अनुसन्धानले जनाएको छ ।

भूकम्पविद् डा चम्लागाईंका अनुसार कर्णाली प्रदेशका दैलेख, सल्यान, सुर्खेत र जाजरकोट जिल्ला उच्च भूकम्पीय प्रकोप भएका जिल्लामा पर्दछन् ।

तीमध्ये दैलेख सबैभन्दा बढी भूकम्पीय जोखिम रहेको जिल्लामा पर्दछ । पश्चिम नेपालमा भूकम्प गएमा ४२ हजार ३२८ भवनहरूमा क्षति पुग्ने, सुर्खेतमा बढी मानिसको मृत्यु हुने, बिदाको दिनमा भए बढी क्षति हुने र कर्णालीको उत्तरी जिल्ला बढी जोखिममा पर्ने आंकलन गरिएको छ ।

अनुसन्धानअनुसार नेपालमा सबैभन्दा बढी भूकम्पीय जोखिम रहेका जिल्लाहरूमा गुल्मी, बझाङ, प्युठान, बाग्लुङ, रोल्पा, अछाम, बैतडी, दैलेख, कालीकोट र धादिङ पर्दछन् ।

भूकम्पीय क्षेत्रहरू पूर्वमा प्रदेश १, मध्यमा बाग्मती प्रदेश र सुदुरपश्चिममा अवस्थित छन् । नेपालमा भूकम्पहरू प्रायः १० देखि ३० किमी गहिराइमा जाने गरेको छ । नेपालमा ६० वर्षको अवधिमा ५ म्याग्निच्युड सम्मका एक हजार सात सय, ६ म्याग्निच्युडभन्दा ठूला १० वटा भूकम्प गएको पाइन्छ ।

शिवालिक तथा लेसर हिमालय क्षेत्रमा पर्ने कर्णाली, सुदुरपश्चिम प्रदेशको दक्षिणी भूभाग, कर्णाली, मधेस तथा प्रदेश १ उच्च भूकम्पीय प्रकोप क्षेत्रमा पर्दछन् ।

पछिल्लोपटक २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्पले आठ हजार नौ सय ७० जनाको मृत्यु, २२ हजार तीन सय दुई घाइते र एक सय ९५ बेपत्ता भएका थिए ।

कार्यशालामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव आनन्द सारुले प्रादेशिक तथा स्थानीय तहका लागि विपद् प्रतिकार्य योजना तयार गर्ने, प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरण ऐन, नीति तथा रणनीतिक कार्ययोजना तयार गर्नुपर्ने बताए ।

वीरेन्द्रनगर नगरपालिकाका प्रशासकीय अधिकृत प्रकाश पौडेलले भवनको नक्सापास गर्दा आयु तोकिनुपर्ने सुझाव दिए । उनले भूकम्पीय जोखिम न्यूनीकरणका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने धारणा राखे ।

शिक्षा विकास निर्देशनालयका निर्देशक दीपा हमालले विद्यालयहरूमा हुने भूकम्पीय जोखिम न्यूनीकरण गर्न सबैले चासो दिनुपर्ने बताए । जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गर्नुका साथै विद्यार्थीहरूलाई कृत्रिम अभ्यास गराउन सकिने उनको भनाइ छ ।

मन्त्रालयसँगको सहकार्य तथा युरोपियन युनियनको सहयोगमा समाज जागरण केन्द्र नेपालले कर्णाली प्रदेशमा सहरी विपद् तथा भूकम्पीय पूर्व तयारी तथा प्रतिकार्य परियोजना सञ्चालन गरिरहेको छ । *रासस*

# सर्लाही–३ बाट सिङ्तानको उम्मेदवारी घोषणा

■ **प्रभाव संवाददाता**

**सर्लाही–** सर्लाही-३ बाट प्रतिनिधिसभा सदस्यका लागि पञ्चबहादुर सिङ्तानले स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् । सिङ्तानले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि स्वतन्त्र उम्मेदवारी घोषणा गरेका हुन् ।

सिङ्तानले आफु कार्यकारी राजाको पक्षमा भएको बताउँदै उम्मेदवारी घोषणा गरेका हुन् । तर, राजाको अधिकार क्षेत्र भने तोकिनुपर्ने उनको भनाई छ । उनले हिन्दूराष्ट्र वा धर्मनिरपेक्षता के चाहेको हो भनेर यसबारे जनमतसंग्रह गरेर फैसला लिईनुपर्ने बताए ।

उनले जनताको शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गर्न आफूले उम्मेदवारी दिन लागेको स्पष्ट पारे । कृषिलाई आधुनिकीकरण गर्नुपर्ने आफ्नो प्रमुख लक्ष्य रहेको उल्लेख गर्दै भने,'बजारको उचित व्यवस्थापन गर्ने र किसानलाई चाहिने बिऊ, मल-खाद, सिंचाईजस्ता अधारभुत आवश्यकत्ता तथा कृषि औजारका सामग्रीहरू स्थानीयस्तरमा उत्पादनका साथै समय सिमाभित्र उपलब्ध गराई किसानलाई आत्मनिर्भर बनाउन पहल गर्नेछु ।'

नेपाली नागरिकलाई कुनैपनी हालतमा नगरिकताबाट वञ्चित गर्न नहुने उनको भनाई छ । उनले अन्य राष्ट्रबाट आएर बसोबास गर्नेहरूको हकमा भने नियमानुसार नागरिकता प्रदान गर्नुपर्ने धारणा राखे ।

उनले राजनीति दलहरूले गरेका असमान सन्धि तथा सम्झौता खारेज गर्ने र देशको हितविपरीत कुनै पनि सन्धि सम्झौता नगर्ने पनि उनको प्रतिबद्धता छ ।

देश र जनतालाई दूरगामी असर पर्ने किसिमका कुनैपनी गतिविधि कसैलाई गर्न दिन नहुने उनको टिप्पणी थियो । यदि त्यस्तो कसैले गरेमा महाअभियोग लगाई देश निकाला गरी उसको उत्तराधिकारीलाई राजा घोषणा गरी कार्यसम्पादन गर्ने समेत बताए । उनले गाँजा तथा अन्य जडीबुटीको उत्पादनमा वृद्धि गर्नुका साथै खनिज पदार्थको उत्खनन् तथा प्रशोधन गरी बजार व्यवस्थापन गर्नुपर्ने चुनावी घोषणापत्रमा उल्लेख गरेका छन् । गाँजाको बजार व्यवस्थापन गरी व्यापारमा जोड दिने र वैधानिक रूपमा मान्यता दिलाउने उनको प्रतिबद्धता छ ।

संघीयता एवं प्रदेश वा ५ विकास क्षेत्रमध्ये जनमतसंग्रह गरी जनताको चाहना र भावनाबमोजिम आफू अघि बढ्ने पनि उनले बताए ।

सिङ्तानले १५ वर्ष मुनिका बालबालिकालाई जवरजस्ती करणी गर्नेलाई आजिवन कारावासको सजाय र १५ वर्ष भन्दा माथि उमेर भएका बालिकाको हकमा ७ देखि १४ वर्ष सम्मको कारागार हुने व्यवस्था गर्ने घोषणापत्रमा उल्लेख गरेका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOBOL TRANSPORT COMPANY LTD

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 269984 चलानी नं. ६०१८५९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1000 | ३४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD TREE FOUNDATION TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मितिः २०७९/०५/०६ LT. No. 260734 चलानी नं. ६०१८१३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 6 | 0 | 1200 | ४०,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौंमा मितिः भदौ १४ (30th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWI CONSTRUCTION AND BUILDING COMPANY LTD.

पूर्व स्वीकृति मिति :२०७८/०७/०५ पून विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. 247447 चलानी नं. ६०१७३२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Labors | 2 | 0 | 1000 | ३४,०१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Drivers | 1 | 0 | 1800 | ६१,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PARCO HEALTHCARE

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 270023 चलानी नं. ६०१८५८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Geneal Cleaning Work | 0 | 1 | 1000 | ३५,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse | 0 | 1 | 5000 | १७५,७७५ | | | | | | | |

कम्पनी : AL RABWAH FOR OCCASIONS

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 270024 चलानी नं. ६०१८५८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ३५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LADANG PPLR SDN. BHD

पूर्व स्वीकृति मितिः २०७९/०२/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. 262941 चलानी नं. ६०१७९१५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 22 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ADVANCE SCAPES (M) SB

पूर्व स्वीकृति मितिः २०७९/०५/०५ LT. No. 269900 चलानी नं. ६०१८५८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 18 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAMBAL CHILLI SDN BHD

पूर्व स्वीकृति मितिः २०७९/०५/०५ LT. No. 269896 चलानी नं. ६०१८५८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**J.P. Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. १२५७/०७४/०७५
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUTHERN KERATONG PLANTATIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०३/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No.266237 चलानी नं. ६०१८२२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 86 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com


नेपाल सरकार
गृह–मन्त्रालय
**सशस्त्र प्रहरी बल नेपाल**
नं.३६ गण हे.क्वा. डोटी

कर्मचारी प्रशासन शाखा

**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित विवरणको सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मितिदेखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हाल सम्म कार्यालयमा गैर हाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैर हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरूमा सम्पर्क राख्न आउनुहोला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उप-नियम (१) को प्रयोजनार्थ यसै सूचनाद्धारा तपाईलाई जानकारी गराइएको छ ।

**निम्न :**

| सि.नं. | आई.डी.नं. | दर्जा | नाम, थर | दरबन्दी | स्थायी वतन | बाजेको नाम | बुबाको नाम | गैर हाजिर मिति | सूचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४४०४२ | स.प्र. स.ह. | दिपक कुँवर | स.प्र.बल,नेपाल नं. ३६ गण हे.क्वा. डोटी | जिल्ला कन्चनपुर बेदकोट नगरपालिका वडा नं.९ | नरदेव कुँवर | प्रेमबहादुर कुँवर | २०७९/०४/०१ | स.प्र.बल, नेपाल नं. ३६ गण हे.क्वा. डोटी |


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UMR SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०५ LT. No. 269953 चलानी नं. ६०१८५७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing and cleaning Workers | 30 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800, 9813622195
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MUSAIDEEN HOSPITALITY CLEANING AND SERVICES WLL

पूर्व स्वीकृति मिति २०७८/१०/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT No :257679 चलानी नं.६०१७४३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 8 | 0 | 1000 | ३५,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1000 | ३५,१५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9851112074,9841935884,9841541592, 9808658844

## CYPRUSमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANDRIANA KYRIAKOU

पूर्व स्वीकृति मिति २०७९/०३/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. :267109 चलानी नं.६०१८३२५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 6 | 314 | ४०,११५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 650 | ७८,५७० | | | | | | | |
| 3 | Waitress | 0 | 3 | 650 | ७८,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AGNI OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ९५९/०६७/०६८
Samakhushi, KTM, Nepal, Ph. : +977-1-4350389,9841588047

# प्रभाव दैनिक

मंगलबार ७, भदौ २०७९ (Tuesday, Aug 23, 2022)

## रूपशाला

### लाल सिंह चढ्‌डाबाट पछि हट्यो नेटफ्लिक्स

आमिर खानको फिल्म 'लाल सिंह चढ्‌डा'ले बक्सअफिसमा खासै कमाल देखाउन सकेको छैन । सन् १९९४ मा रिलिज हलिउड फिल्म 'फरेस्ट गम्प' को हिन्दी रिमेक यो फिल्ममा अद्वैत चन्दनको निर्देशन छ । रिलिजअघि फिल्मले बक्सअफिसमा ब्लकबस्टर व्यापार गर्नेमा भविष्यवाणी गरिएको थियो । तर, रिलिजपछि यताको रिपोर्ट हेर्दा फिल्मको कमाई चिन्ताजनक छ । यो फिल्म ओटीटी प्लेटफर्म नेटफ्लिक्समा रिलिज हुने चर्चा भइरहँदा नेटफ्लिक्स फिल्म रिलिज गर्नबाट पछि हटेको छ ।




# 'मिसेस नेपाल ग्ल्याम २०२२' को आवेदन खुल्ला

**काठमाडौं (प्रस)–** लामो समयदेखि विभिन्न सौन्दर्य प्रतियोगिता आयोजना गर्दै आएको ग्ल्याम वर्ल्ड इन्टरटेनमेन्टले विगतका वर्ष झैं यो वर्ष पनि 'मिसेस नेपाल ग्ल्याम २०२२' आयोजना गर्ने भएको छ । आयोजक ग्ल्याम वर्ल्ड इन्टरटेनमेन्टले सोमबार विज्ञप्ति जारी गर्दै प्रतियोगिताको आवेदन खुल्ला भएको जनाएको हो ।

विवाहित महिलाहरूको प्रतिभा निखार्दै उनीहरूलाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले प्रतियोगिता आयोजना हुँदै आएको हो । विगतका वर्षभन्दा यो वर्ष झनै भव्य र सभ्य रूपमा प्रतियोगिता आयोजना हुने आयोजक ग्ल्याम वर्ल्डकी प्रीति कार्कीले बताइन् ।

प्रतियोगिताका लागि २० देखि ४५ वर्षसम्मका विवाहित महिलाले आवेदन भर्न सक्नेछन् । प्रतियोगिताको पहिलो अडिसन आगामी ११ भदौमा बानेश्वरस्थित होटल रानीमहलमा आयोजना हुनेछ । सहभागी हुन चाहनेले अनलाइनमार्फत तथा ग्ल्याम वर्ल्ड इन्टरटेनमेन्टको कार्यालय र होटल रानीमहलबाट आवेदन फर्म भर्न सक्नेछन् । शीर्षसहित विभिन्न आधा दर्जन विजेता छानिने प्रतियोगिताको विजेताले उपाधिका साथमा विभिन्न अवसर गिफ्ट पुरस्कारको रूपमा प्राप्त गर्नेछन् । प्रतियोगिताको कोरियोग्राफर आश्विनी झा हुन् ।

प्रारम्भिक अडिसनबाट छानिएका प्रतियोगीलाई सञ्चारकला, विकास मोटिभेसन, लिडरसिप, ड्रेडसेन्स, पब्लिक स्पिकिङ, करियर काउन्सिललगायतका विभिन्न अन्तर्राष्ट्रियस्तरको प्रशिक्षणसहित अन्तिम स्पर्धामा उतारिने कार्यक्रम संयोजक आकाश गिरीले बताए ।

'मिसेस नेपाल ग्ल्यामको उपाधि २०१८ अलाइजा महर्जन, २०१९ मिनु प्रधान र २०२१ मा उर्मिला कार्कीले जितेकी थिइन् । प्रतियोगीताका विजेताले 'सिंगापुरमा आयोजना हुने अन्तर ाष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिसेस इन्टरनेशनल' का अलवा बिभिन्न प्रतियोगितामा सहभागीको अवसर प्राप्त गर्नेछन् ।

# गौडेललाई गजल प्रतिभा पुरस्कार

**पोखरा (प्रस)–** गजल प्रतिभा पुरस्कार-२०७९ युवा गजलकार जय गौडेललाई प्रदान गरिने भएको छ । समाजसेवी लालबहादुर गुरुङद्वारा स्थापित तथा गजल सन्ध्या, पोखराद्वारा सञ्चालित पुरस्कार नगद १५ हजार ५५५, दोसल्ला र सम्मानपत्र रहेको छ । सन्ध्याले मोती जयन्तीका अवसरमा एक वर्ष गजल प्रतिभा पुरस्कार तथा अर्को वर्ष गजल प्रतिभा सम्मान अर्पण गर्दै आएको छ ।

यस वर्षको पुरस्कार गजलकार गौडेललाई आगामी ११ भदौमा १५७औं मोती जयन्तीका अवसरमा पोखराको न्युरोडस्थित रिडर्स कर्नरमा हुने एक विशेष कार्यक्रममा प्रदान गरिने सन्ध्याका उपाध्यक्ष सुरज उपाध्यायले जानकारी दिए । सन्ध्याका पूर्वअध्यक्ष दीपक समीपको संयोजकत्वमा पूर्वअध्यक्षद्वय रुपिन्द्र प्रभावी र कपिल शर्मा सदस्य तथा अध्यक्ष वसन्त विनोद र सचिव त्रुपक पदेन सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसमा गजलकार गौडेललाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको सन्ध्याले जनाएको छ । स्याङ्जाको अर्जुनचौपारीमा २०४१ मा जन्मेका गजलकार गौडेलको 'आशाका बयलीहरू' नामक गजलसंग्रह २०६४ मा प्रकाशित छ । अनाममण्डलीका पूर्वमहासचिव गौडेल रचना वाचन युट्युब च्यानलका संयोजक पनि हुन् ।

## नवौं राष्ट्रिय खेलकुद

# प्रशिक्षक प्रशिक्षण सुरु

**पोखरा (प्रस)–** आसन्न नवौं राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेश खेलकुद परिषद्ले सोमबारदेखि प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रम सुरुआत गरेको छ । प्रदेशमा यहीं भदौ ३ गतेदेखि पहिलो चरणको विशेष खेलाडी प्रशिक्षण सुरु भएसँगै विभिन्न खेलका प्रशिक्षक र स्वयंसेवी गरी कास्कीका १९ प्रशिक्षकलाई पहिलो पटक प्रशिक्षण दिन लागिएको हो ।

गण्डकी प्रदेशमा अधिकांश खेलका प्रशिक्षक नभएपछि अहिले परिषद्ले अग्रज खेलाडी र स्वयंसेवकलाई प्रशिक्षणमा लगाएको छ । आगामी एक सातासम्म सञ्चालन हुने अन्तर ाष्ट्रियस्तरको प्रशिक्षक/प्रशिक्षण कार्यक्रमलाई दोस्रो र तेस्रो चरण गरी सबै जिल्लाका पुर्‍याएर प्रशिक्षकलाई तालिम प्रदान गरिने प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले बताए ।

सहभागीलाई खेलविज्ञ एवं अग्रज प्रशिक्षक सशील नरसिंह राणा लगायतले प्रशिक्षण दिनेछन् । प्रशिक्षकलाई आधार भूत रूपमा आवश्यक पर्ने 'ट्रेनिङ प्लान', 'माइक्रो साइकल' लगायतका विषयमा प्रशिक्षण दिइने छ । उत्कृष्ट नतिजाका लागि प्रशिक्षकलाई यस प्रकारको तालिम महत्वपूर्ण हुने परिषद्ले जनाएको छ । प्रथम चरणको प्रशिक्षण र छनोट सुरु भए पनि सम्बन्धित खेलका प्रशिक्षकलाई यस्तो प्रशिक्षणले खेलाडीको मनोबल उकास्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

परिषद्को आयोजनामा हाल कास्की, नवलपुर, गोरखा, बागलुङ र स्याङ्जामा पहिलो चरणको खेलाडी छनोट र प्रशिक्षण सञ्चालन भइरहेको छ । सबै जिल्लाका प्रशिक्षकलाई सम्बन्धित जिल्लामा प्रशिक्षण दिने कार्यक्रम तय गरिएको र खेल प्रशिक्षण तथा छनोटलाई कुनै बाधा नपुग्ने गरी प्रशिक्षकलाई तालिममा सहभागी गराइएको परिषद्ले जनाएको छ ।

गण्डकीमा पहिलो चरणको खेलाडी प्रशिक्षणपछि दोस्रो चरणमा २२ खेलको जिल्ला छनोट प्रतियोगिता हुने सञ्चालनको कार्यतालिका छ । जिल्ला छनोटपछि प्रादेशिक छनोट प्रतियोगिताबाट राष्ट्रिय खेलकुदका लागि गण्डकीको टोली तयार हुनेछ । परिषद्का अनुसार जिल्ला छनोट प्रतियोगिता भदौ ९ देखि १२ गतेसम्म सञ्चालन हुनेछ र विशेष प्रशिक्षण र जिल्ला छनोटपश्चात पोखरामा भदौ १५ देखि १८ गतेसम्म अन्तिम छनोट तालिका तय गरिएको छ ।

परिषद्ले अन्तिम छनोट भएका खेलाडीलाई आगामी भदौ २६ देखि असोज २६ गतेसम्म आवासीय सुविधासहित पोखरामा बन्द प्रशिक्षणमा राखिने जनाएको छ । गण्डकी प्रदेशमा दोस्रो पटक आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म नवौं संस्करणको राष्ट्रिय खेलकुद हुन लागेको हो । यसअघि विसं २०४० मा पोखरामा दोस्रो संस्करण आयोजना गरिएको थियो ।


## साउदी/ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAS AL-MEEMAR GEN. CONTRACTING AND TRADING EST

पूर्व स्वीकृति मिति : २०७९/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. 269368 चलानी नं.६०१८५९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installation Factor | 5 | 0 | 1000 | ३४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Whole Vehicle Driver | 1 | 0 | 1650 | ५६,११५ | | | | | | | |

कम्पनी : DANAT AL JAZEERA AL WATANIYA /ASSTID

पूर्व स्वीकृति मिति : २०७९/०५/०६ LT. No. 270130 चलानी नं.६०१८५४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Food Cook | 3 | 0 | 150 | ४९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreign Food Cook | 2 | 0 | 150 | ४९,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: भदौ १४ (30th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८१४/०६५/०६६

**K.B. International Employment Pvt. Ltd.**

Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## द नेपाल फेस गार्मेन्ट द्वारा आयोजीत नि: शुल्क सिपमुलक तालिम सम्बन्धी सूचना

उद्योग बाणिज्य तथा आपूर्ती मंत्रालय र यस संस्था बिच भएको सम्झौता बमोजिम यस संस्थाले २०७९/८० आर्थिक बर्षमा २०० जनालाई तालिम प्रदान गरी प्रशिक्षार्थी कामदार रोजगारीमा संलग्न भई मौकाको फाइदा उठाउनुहोस् ।

| प्रशिक्षार्थी कामदारले गर्नुपर्ने काम | संख्या | प्रशिक्षणको मुख्य विषयवस्तु | प्रशिक्षण अवधि (दिन तथा महिना) | प्रशिक्षणको प्रकार (आधारभूत सिप विकास तथा सिप अभिवृद्धि तथा अन्य) | तालीम सम्पन्न गरी सक्नुपर्ने अवधि | मुल्याङ्कन को आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| गार्मेन्ट सम्बन्धी | २०० | गार्मेन्ट | ३ महिना | आधारभूत सिप विकास | ३ महिना | | |

फर्म भर्ने अन्तिम मिति: २७ भाद्र २०७९ सम्पर्क नं: ९८४१२४०९६६



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: GASKET FACTORY BRANCH OF AL IMAN FACTORIES CO FOR CONTRACTING AND TRADING LTD..

पूर्व स्वीकृति मिति: २०७९/०५/०६ LT. No.269992 चलानी नं. ६०१८५८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 5 | 0 | 1200 | ४०,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: भदौ १४ (30th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEIKIPLAS INDUSTRIES (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 269979 चलानी नं. ६०१८५८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 17 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd. (Avinash Int. Overseas Pvt. Ltd.)**

श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AUTO TRUST CORPORATION FOR THE DELIVERY OF CONSUMER ORDERS COMPANY शहर. KUWAIT

पूर्व स्वीकृति मिति: २०७९/०५/०६ LT. No. 270175 चलानी नं. ६०१८५८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Motorcycle Driver (Male) | 10 | 0 | 120 | ४९,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३३९/०७४/०७५

**Ujyalo Overseas Pvt. Ltd.**

Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAMI SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/११/२३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/०६ LT. No. 234488 चलानी नं. ६०१५३१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 11 | 0 | 1200 | ३४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८

Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAPID SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/११/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. :233624 चलानी नं.६०१५२२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1200 | ३४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716,
9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

Govt. License 1331/074/75



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFA INTERNATIONAL CO. (W.L.L.)

पूर्व स्वीकृति मिति २०७९/०३/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No. : 266174 चलानी नं. ६०१८२११४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1700 | ५९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 4 | 0 | 1000 | ३५,१५५ | | | | | | | |
| 3 | Salesman | 2 | 0 | 1300 | ४५,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाण्डौ, मिति: भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०९५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VANDA SHOP FOR FLOWERS AND CHOCOLATE

पूर्व स्वीकृति मिति: २०७९/०३/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/०६ LT. No.266294 चलानी नं. ६०१८२२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३५,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 1 | 0 | 1400 | ४९,२१५ | | | | | | | |
| 3 | Supervisior | 1 | 0 | 3000 | १०५,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१ Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSE OF TEA CAFETERIA

पूर्व स्वीकृति मिति :२०७८/१०/२४ पुन विज्ञापन स्वीकृति मिति :२०७९/०५/०६ LT. No.257588 चलानी नं.६०१७४१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1400 | ४९,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५२,६४५ | | | | | | | |
| 3 | Gen Clean Worker | 1 | 0 | 1000 | ३५,१०० | | | | | | | |
| 4 | Gril Chick Maker | 1 | 0 | 1400 | ४९,१३५ | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1400 | ४९,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: भदौ १४ (30th Aug 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shahi Global Careers Pvt. Ltd.**

Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com

श्रम ईजाजत नं. १२९८/७४/७५

## विश्वकपका लागि २० लाख ५० हजार टिकट बिक्री

**दोहा–** कतारमा हुने विश्वकपका लागि २४ लाख ५० हजार टिकट बिक्री भएको अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले बिहीबार जानकारी दिएको छ । जुलाई ५ देखि अगस्ट १६ सम्म चलेको पछिल्लो अवधिमा कूल पाँच लाख २० हजार ५३२ टिकट बिक्री भएका फिफाले जनाएको छ ।

फिफाका अनुसार यो अवधिमा खासगरी क्यामरुनविरुद्ध ब्राजिल, ब्राजिलविरुद्ध सर्बिया, पोर्चुगल र उरुग्वे, कोस्टारिका र जर्मनी, अस्ट्रेलिया र डेनमार्कजस्ता समूहचरणका खेलका टिकटहरू उल्लेख्यरूपमा बिक्री भएका छन् ।

कतार, साउदी अरब, संयुक्त राज्य अमेरिका, मेक्सीको, संयुक्त अरब इमिरेट्स, इंग्ल्याण्ड, अर्जेन्टिना, ब्राजिल, वेल्स र अस्ट्रेलियाका बासिन्दा पछिल्लो अवधिमा टिकट खरिद गर्नेमध्ये अत्यधिक व्यक्ति रहेका छन् ।

अर्को चरणको बिक्री सेप्टेम्बरको अन्त्यमा सुरु हुनेछ । यद्यपि, यो मितिबारे फिफाले अझै पनि औपचारिक पुष्टि गर्न बाँकी छ । साथै, टिकट बिक्री 'पहिला आउनेलाई पहिला' भन्ने आधारमा हुनेछ र खेलको अन्त्यसम्म तर टिकट नसकिँदासम्म नै टिकट बिक्री खुल्ला राखिनेछ ।

अन्तिम बिक्री चरण सुरु भएपछिको अन्तिम समयमा दोहामा 'ओभर-द-काउन्टर' टिकट बिक्री सेवा उपलब्ध हुनेछ । फिफा विश्वकप २०२२ कतार नोभेम्बर २० देखि डिसेम्बर १८ सम्म आयोजना हुनेछ ।

*रासस/सिन्ह्वा*

## श्रीलंकामा करिब ५० हजार डेंगु संक्रमित

**कोलम्बो–** श्रीलंकामा सन् २०२२ को आठ महिनामा करिब ५० हजार डेंगुका बिरामी फेला परेको राष्ट्रिय डेंगु नियन्त्रण एकाइ (एनडिसियू)ले जनाएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार पछिल्लो आठ महिनामा ४९ हजार ९४१ जना डेंगुको उपचारका लागि अस्पताल भर्ना भएका छन् ।

कोलम्बो, गाम्पाहा र कालुतारा जिल्लासहित पश्चिमी प्रान्तमा कूल संक्रमितमध्ये ५० प्रतिशत भेटिएका छन् । कोलम्बो नगर परिषद् (सिएमसी)का प्रमुख मेडिकल अफिसर रुवान विजेमुनिले कोलम्बोमा १२ हजार ७५४, गाम्पाहामा सात हजार ४९६ र कालुतारामा चार हजार ७३१ जनामा संक्रमण पुष्टि भएको जानकारी दिए ।

डेंगु सार्ने लामखुट्टे नियन्त्रणका लागि प्रयोग हुने रसायन र कीटनाशक औषधि खरिदका लागि सिएमसीसँग रकम अभाव हुँदा वार्षिक लामखुट्टे नियन्त्रण कार्यक्रममा विभिन्न चुनौतीको सामना गर्नुपरेको विजेमुनिले बताए । विजेमुनीका अनुसार डेंगुका बिरामी सामान्यतया जुन र अगस्ट तथा नोभेम्बरदेखि जनवरीको बीचमा बढ्ने गरेका छन् ।

इन्धन अभावका कारण पनि लामखुट्टे उन्मूलन अभियान प्रभावित भएको उनले बताए ।

*रासस/सिन्ह्वा*

# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### मोरङ, प्रदेश नं. १

## रतुवामाई नगरवासीहरुलाई जानकारीमूलक सन्देश

### बाढी पहिरोको जोखिमबाट बच्ने र बचाउने उपायहरु

**बाढी पहिरोको बेला निम्न कुराहरुमा ध्यान दिऔं:**

क) ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।

ख) मोबाइल फोन नियमित चार्ज गरेर राखौं ।

ग) रेडियो र टेलिभिजनबाट आउने वर्षा र बाढी/पहिरो सम्बन्धि खबर/सन्देश ध्यान दिएर सुनौं ।

घ) पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।

ङ) ठूलो पानी परिरहे जोखिम युक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

च) घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।

छ) समूहमा बस्नुपर्छ किनभने विपतको बेलामा समूहमा बस्दा एकअर्कालाई सहयोग गर्न सजिलो हुन्छ । सम्भव भएसम्म सञ्चार माध्यम र सूचना प्रवाह गर्ने निकायसँग नियमित सम्पर्कमा बसौं । यसले उद्धार तथा राहत वितरणमा सहज हुन्छ ।

ज) देशैभरि मनसुन सक्रिय रहेकाले बाढी, डुबान र पहिरोको जोखिमयुक्त स्थानमा सावधानी अपनाऔं ।

झ) उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।

ञ) आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी)हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।

ट) बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।

### स्वास्थ्य सम्बन्धी नगरबासीमा सचेतना

झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।

क) चर्पीमा मात्र दिसापिसाब गर्ने, बच्चाको दिसापिसाब पनि चर्पीमा नै बिर्सजन गरौं ।

ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।

ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।

घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।

ङ) आफ्नो घर, आँगन सफा राखौं ।

च) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।

# महाराजा वचत तथा ऋण सहकारी संस्था लि.
## Maharaja Saving and Credit Co-operative Ltd.

### महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसिल बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यका लागि कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौता अनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं.८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखी दिएको धितो ३६ औं दिन तपसिल बमोजिमको धितो लिलामी तथा सकार प्रकृया अवलम्बन गरी संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | मनोज भट्टराई | उमानाथ भट्टराई | पुनराम भट्टराई | साविक नवलपरासी जिल्ला कावासोती न.पा.वडा न.९, ठेगाना भई हाल कावासोती न.पा वडा नं.९ नवलपरासी ब.सु.पु. बस्दै आएको | व्यापार |
| २. | हरि बहादुर बस्नेत | खेमबहादुर बस्नेत | रण बहादुर बस्नेत | साविक नवलपरासी जिल्ला कावासोती गाविस वडा न.३ ठेगाना भई हाल कावासोती न पा वडा नं.७ नवलपरासी ब.सु.पु बस्दै आएको | व्यापार |
| ३. | चुमकला चापागाई | राजेन्द्र प्रसाद रिजाल | उमाकान्त रिजाल | साविक नवलपरासी जिल्ला धौवादी गा.वि. स वडा न. ७ ठेगाना भई हाल कावासोती न.पा.वडा न.३, नवलपरासी ब.सु.पु.बस्दै आएको | व्यापार |

**लिलाम हुने धितो विवरण क्रमश :**

| क्र.सं. | जग्गाधनीको नाम | धितो ठेगाना विवरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | मनोज भट्टराई | साविक कावासोती गाविस वडा नं.६, ६क, नवलपरासी, नवलपरासी, हाल कावासोती न.पा. ९.न.प.ब.सु.पु | १५६३<br>१५६८ | ०-०-८.२५-०<br>०-०-३.७५-० | रु.२७,७५,०००।- |
| २. | हरिबहादुर बस्नेत | साविक कावासोती गाविस वडा नं.४, ४ग,नवलपरासी हाल कावासोती न.पा वडा नं.२, न.प.व.सु.पु | १०३६ | ०-०-१५।७५-० | रु.१०,७५,०००। |
| ३. | चुमकला चापागाई | साविक शिवमन्दिर गाविस वडा नं.२, २ ख, नवलपरासी हाल कावासोती न.पा. वडा नं.३, न.प.ब.सु.पु. | १२३४ | ०-०-६.७५-० | रु.९,४५,०००।- |

**महाराजा वचत तथा ऋण सहाकारी संस्था लि.**
कावासोती न.पा.२, नवलपरासी ब.सु.पु.

# मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BLUEFIRE (MALAYSIA) SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/04/30 LT. No. 269586 चलानी नं. ६०१८५४७७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ १४ गते (30th Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम इजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

# साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NOUN DEVELOPMENT CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०७९/०५/०६ LT. No. 270051 चलानी नं. ६०१८५९१८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

# मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : STRAITS FORCE SECURITY (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७६/११/०१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/०६ LT. No.233036 चलानी नं. ६०१५१७०३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 15 | 0 | 1200 | ३४,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः भदौ ७ देखि १४ गते (23rd to 30th Aug. 2022)सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

# कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ALQESTAS TRADING AND CONTRACTING**

पूर्व स्वीकृति मिति:२०७९/०५/०६ LT. No. 270066 चलानी नं. ६०१८५९१०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1300 | ४५,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Workers | 1 | 0 | 1000 | ३५,१५५ | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1300 | ४५,७०० | | | | | | | |

**कम्पनी : O.M. (M) Sdn Bhd**

पूर्व स्वीकृति मिति:२०७९/०५/०६ LT. No. 270065 चलानी नं. ६०१८५९१२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : EGGTECH MANUFATURING SDN BHD**

पूर्व स्वीकृति मिति:२०७९/०५/०६ LT. No. 270063 चलानी नं. ६०१८५९१५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : YUANSHENG FURNITURE SDN.BHD**

पूर्व स्वीकृति मिति:२०७९/०५/०६ LT. No. 270064 चलानी नं. ६०१८५९१४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः भदौ १४ गते (30th Aug. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nepal Recruitment Consultancy Pvt. Ltd.**
श्रम ईजाजत नं. १००४/०६८/०६९
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९५,३००/- | प्रति तोला - ९४,८००/- | प्रति तोला - १,१६६/- |

## अर्थतन्त्रको संवाहक निजी क्षेत्र : मन्त्री बडू

■ प्रभाव संवाददाता

**काभ्रे–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले मुलुकको अर्थतन्त्रको संवाहक निजी क्षेत्र भएकाले सरकार सहकार्य गर्न तयार रहेको बताएका छन् । नेपाल प्लाईउड उत्पादन सङ्घको २३औँ साधारणसभामा सोमबार धुलिखेलमा निजी क्षेत्रलाई सरकारले अर्थतन्त्रको चलायमान इन्जिनका रूपमा लिँदै उत्पादन र निर्यातमा सहयोग गर्ने बताएका हुन् ।

'अर्थतन्त्रको चलायमान इन्जिननै निजी क्षेत्र हो, आयातित अर्थतन्त्रमा मुलुकको भविष्य छैन, त्यसैले उत्पादन र निर्यातमा सरकार उद्योगीलाई सघाउन तयार छ', मन्त्री बडूले भने । उनले निर्यातले वैदेशिक मुद्रा सञ्चिति बढाउने भएकाले नेपालमा निर्यात गर्न सकिने वस्तुको उत्पादन बढाउनुपर्ने आवश्यकता औँल्याए ।

सरकार विभिन्न साना-ठूला उद्योगीसँग छलफल गरेर अघि बढ्न तयार रहेको उनको भनाइ थियो । उनले भने, 'छलफलपछि सरकारले उद्योग सञ्चालनमा सुधारको घोषणा गरेको छ, राष्ट्रिय उत्पादनलाई प्राथमिकतामा राख्दै नेपाली उत्पादन उपभोग अभिवृद्धि कार्यक्रम महत्वका साथ निर्धारण गरिसकेको छ ।' निजी क्षेत्रसँग सहकार्य गर्ने वर्तमान सरकारको घोषित नीतिअनुसार १० वर्षे अभियान सञ्चालन गर्नुपर्ने उनको धारणा थियो ।

मन्त्री बडूले उद्योगीलाई रुग्ण उद्योग सञ्चालन गर्न आह्वान गरिएको बताए । 'सरकारले रुग्ण उद्योग चलाउन चोहको छ, पूर्णरूपमा नचलेका उद्योगको कारण खोज्ने र सामान्यरूपमा चलेकालाई पूर्णक्षमताले चलाउन सरकारले निजी क्षेत्रसँग सहकार्य गर्न खोजेको हो', उनले भने ।

सहरी क्षेत्रमा मात्र नभई सात सय ५३ वटै पालिकामा औद्योगिक ग्राम स्थापना हुनुपर्ने उनको तर्क थियो । उनले भने, 'सङ्घीय र प्रदेश सरकार नयाँ उद्योगलाई सहयोग गर्न तयार छ, उद्योगीको प्रस्तावमा ४० प्रतिशत सरकारले बेहोर्छ या रु तीन करोडसम्म सरकारले दिन्छ भन्दै आएका पनि छौँ ।'

स्थानीयस्तरमा रोजगारीको वातावरण बनोस् भन्ने उद्देश्यले सरकारले नयाँ उद्योगमा लगानी गर्न खोजेको मन्त्री बडूले बताए । उनले प्लाईउड उत्पादनलाई बढाए सरकार सहुलियत दिनसमेत तयार रहेको बताए । मन्त्री बडूले ठूला उद्योगलाई जमिनको थ्रेसहोल्ड ११ विघाबाट बढाइने बताए । 'अब ठूला उद्योगमा स्वदेशी र विदेशी लगानी भित्र्याउन थ्रेसहोल्ड परिमाण बढाउँछौँ', उनले भने । बजेट वक्तव्यमा ३० वर्षे लिजलाई पनि ५० वर्षे बनाएको उनले बताए ।

कार्यक्रममा नेपाल वन वनपैदावार उद्योग व्यवसायी महासङ्घका महासचिव माधवमणि हुमागाईं, भेनियर सङ्घका अध्यक्ष दीपक पाण्डे, नेपाल प्लाईउड उत्पादन सङ्घका वरिष्ठ उपाध्यक्ष होमप्रसाद घिमिरे, संस्थापक अध्यक्ष देवानन्द सरावगीलगायतले कमसल जातका रुख-विरुवालाई प्राथमिकता दिँदै कच्चा पदार्थ ढुवानीमा तीन तहका सरकारले छुट्टाछुट्टै लिने कर एक स्थानमा मात्रै लिने व्यवस्था मिलाउन सरकारसँग आग्रह गरेका थिए ।

उक्त अवसरमा नेपालमा ८० प्लाईउड उद्योग रहेकोमा छ बन्द अवस्थामा रहेको तथा रु दुई हजार करोड लगानी रहेको प्लाईउड उद्योगमा २५ हजारले प्रत्यक्ष रोजगारी पाएको जानकारी दिइएको थियो ।

## चार्जिङ स्टेसन निर्माणका लागि सम्झौता

**काठमाडौं (प्रस)–** नेपाल विद्युत् प्राधिकरण र नेपाल प्रहरीबीच विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माण तथा सञ्चालनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक समारोहबीच प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उक्त सम्झादारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

समारोहमा प्रहरी महानिरीक्षक सिंहले चार्जिङ स्टेसन निर्माण तथा सञ्चालनसम्बन्धी भएको सम्झौताका लागि विद्युत् प्राधिकरणलाई धन्यवाद दिए । उनले आगामी दिनमा प्रहरी जनशक्ति बढी भएका प्रहरी कार्यालयमा चार्जिङ स्टेसन विस्तार गर्नसमेत आग्रह गरे । विद्युत् तथा विद्युतीय पोल चोरीलगायत विषयमा विद्युत् प्राधिकरणसँग यसभन्दा अगाडि पनि सहकार्य गर्दै आएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले राजमार्ग र पहाडी जिल्लामा स्थापना भएका चार्जिङ स्टेसनको सुरक्षाका लागि नेपाल प्रहरी सदैव तयार रहेको बताए ।

समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपाल विद्युत् प्राधिकरणले राजमार्गको हरेक ६० किलोमिटरमा एउटा चार्जिङ स्टेसन स्थापना गर्ने लक्ष्य रहेको जानकारी गराउँदै त्यसका लागि प्रहरीको भूमिका सबैभन्दा बढी महत्वपूर्ण रहने बताए ।

## नेप्सेमा निरन्तर गिरावट

### ७ अंकले नेप्से घट्दा पौने २ अर्बको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सात दशमलव ४१ अंकले ओरालो लागेर दुई हजार ५३ दशमलव १३ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४७ अंकले ओरालो लागेर तीन सय ९७ दशमलब ११ मा सीमित भएको छ । कूल दुई सय २२ कम्पनीको ५२ लाख ३० हजार सात सय ६३ कित्ता सेयर रु एक अर्ब ७२ करोड ६२ लाख ८७ हजार चार सय ३० मूल्यमा खरिद बिक्री भए ।

कारोबार भएका १३ उपसमूहमध्ये सामूहिक लगानी कोषको मात्रै झिनो अंकले उकालो लागेको छ । बैंकिङ एक दशमलव ४८, व्यापार शून्य दशमलव ९४, होटल तथा पर्यटन २९ दशमलव ५३, विकास बैंक २४ दशमलव शून्य पाँच, जलविद्युत् १६ दशमलव ८४, वित्त आठ दशमलव ५९, निर्जीवन बिमा ४७ दशमलव ३३, उत्पादन ३२ दशमलव २३, अन्य १० दशमलव १६, लघुवित्त १५ दशमलव ३३, जीवन बिमा दुई दशमलव ९५, लगानी शून्य दशमलव २९ अंकले ओरालो लागेको छ ।

यस्तै सामूहिक लगानी कोष शून्य दशमलव शून्य तीन अंकले उकालो लागेको छ । सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २९ खर्ब ४१ अर्ब ९७ करोड ४३ लाख ३५ हजार चार सय आठ बराबर कायम भएको छ । नेप्सेका अनुसार हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु २८ करोड १८ लाख ७१ हजार तीन सय २६ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो । यस्तै रिडी हाइड्रोपावर कम्पनी रु आठ करोड ५० लाख ३५ हजार छ सय ९६, प्राइम बैंक रु आठ करोड ४० लाख नौ सय आठ, शिवम् सिमेन्ट रु पाँच करोड ५३ लाख २२ हजार सात सय ९५ र अपि पावर कम्पनी रु पाँच करोड ५२ लाख सात हजार तीन सय ३५ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

नेप्सेका अनुसार अप्पर हेवा खोला हाइड्रोपावर कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । मन्दाकिनी हाइड्रोपावर नौ दशमलव ९७, सिटिजन म्युचुअल फण्ड एक सात दशमलब २२, सामलिङ पावर कम्पनी पाँच दशमलव ६६ र हिमाल दोलखा हाइड्रोपावर कम्पनीका लगानीकर्ताले चार दशमलव शून्य तीन प्रतिशतले कमाएका छन् ।

त्यस्तै एनआइबिएल समृद्धि फण्ड दोस्रो छ दशमलव ७५, दोर्दी खोला जलविद्युत् कम्पनी पाँच दशमलव २४, श्वेत गङ्गा हाइड्रोपावर चार दशमलव १५, तारागाउँ रिजेन्सी होटल तीन दशमलव ८९ र सबैको लघुवित्तका लगानीकर्ताले दुई दशमलव ९४ प्रतिशतले गुमाएका छन् ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं–७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ